# लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति
## (२०२२-२०२६)
## जनकपुरधाम उप-महानगरपालिका



२०८०

जनकपुरधाम उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्टेशन रोड, जनकपुरधाम -२, धनुषा नेपाल


| | |
|---|---|
| प्रकाशक | : जनकपुरधाम उप-महानगरपालिका |
| सम्पर्क | : नगर कार्यपालिकाको कार्यालय, स्टेशन रोड, जनकपुरधाम, धनुषा |
| सर्वाधिकार | : जनकपुरधाम उप-महानगरपालिका |
| प्रकाशन मिति | : असार २०७९ |
| सहयोग | : सुदृढ परियोजना |

# प्राक्कथन

नेपालमा गत दुई दशकदेखि क्रमिक रुपमा नीतिगत परिवर्तन र उल्लेख्य सुधारहरु हुँदै आएका छन् तथापि विभिन्न सामाजिक समूहका विकास सूचकांकहरु र राजनैतिक तथा प्रशासनिक शक्तिमा उनीहरुको पहुँचको अवस्थामा भने व्यापक अन्तर रहेको पाइन्छ । महिला, पुरुष, बालबालिका, दलित, जनजाति, मधेसी तथा अन्य समुदायको आर्थिक अवस्था, स्वास्थ्य, शिक्षा, रोजगारी र राजनैतिक सहभागितामा पछाडि परेका छन् । त्यस्तै जातजाति, जनजाति तथा भौगोलिक स्थानहरु सबैमा नेपालको मानव विकास सूचकांकको आधारबाट महिला तथा बालिकाहरुको अवस्था पुरुष तथा बालकहरुको तुलनामा कम सन्तोषजनक रहेको छ । महिला, बालबालिका, लगायत पछाडि परेका वर्गको विकासमा नेपाल सरकार, दातृ निकाय र विद्यमान अन्य निकायहरुले उल्लेख्य कार्यहरु गरेता पनि यी वर्गको जीवनमा सारभूत परिवर्तन आउन भने अझ धेरै बाकी छ ।

प्रस्तुत लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) रणनीति, २०२२-२०२६ ले लैङ्गिक समानता, महिला र पुरुष बीच समान अधिकार, समान अवसर र पहुँच, लाभको समान बाँडफाँड, समान व्यवहार, व्यक्तिगत स्वतन्त्रता, आत्मनिर्णय तथा छनौटको स्वतन्त्रता, समान सहभागिता, बैबाहिक अधिकार, महिला स्वास्थ तथा प्रजनन अधिकार, आर्थिक, सामाजिक, नागरिक तथा राजनीतिक अधिकार, न्यायमा पहुँच, महिला तथा पुरुष, बालबालिका विरुद्ध हुने हिंसाको अन्त्य तथा समान पहुँचको लागि विशेषाधिकार सुनिश्चित हुने विभिन्न रणनीतिक नीतिहरुलाई सम्बोधन गर्दछ । नेपालको संबिधानले लैंङ्गिक विभेदको अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामुलक समाज निर्माणको परिकल्पना गरेको छ। जनकपुरधाम उप-महानगरपालिकाले आफ्ना विभिन्न कार्यक्रमहरुमध्ये लैससास र महिला विकास कार्यक्रम संचालन गरी लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तिकरणमा टेवा पु¥याउने काम गर्दै आइरहेको छ ।

मानसिक, सामाजिक, शारीरिक र यौन हिंसा लगायतका विभिन्न प्रकारका हिंसाबाट पीडित वा प्रभावित महिला तथा पुरुष, किशोर-किशोरी, आश्रित बालबालिकालाई उद्धार तथा पुनर्स्थापना गर्ने, कानुनी सहयोग तथा मनोसामाजिक परामर्श प्रदान गर्न तथा सुरक्षित आश्रयस्थल सेवाहरु प्रदान गर्न उप-महानगरपालिकाले समन्वयकारी भूमिका निर्वाह गरिरहेको छ। नेपाललाई प्राप्त हुने विकास सहायताको प्रभावकारी व्यवस्थापन गर्नका लागि नेपाल सरकार र विकास साझेदार समान रुपमा प्रयत्नशील रहदै आएका छन् । सहायताको पारदर्शिताले सरकार र विकास साझेदार दुवैलाई जिम्मेवार तथा जवाफदेही बनाउन सघाउ पु¥याउनेछ ।

यी विविध तथ्यलाई दृष्टिगत गरी महिला, बालबालिका तथा पछाडी परेका वर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी विकास गर्न जनकपुरधाम उप-महानगरपालिकाले विभिन्न प्रयास गर्दै आइरहेको छ। पालिकाले नेपाल सरकारका नीति तथा आयोजनाहरुका लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बँधी नीतिमा समानता तथा सामञ्जस्यता हुनुपर्ने आवश्यकता ठानेको छ । अतः उप-महानगरपालिका अन्तर्गत शाखा, समिति, इकाईबाट संचालन हुने कार्यक्रम र आयोजनाहरुको लागि मार्गदर्शन हुने गरी यस उप-महानगरपालिकाले मुख्य लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति बनाउने उद्देश्य राखी यो रणनीति तयार गरिएको छ । यस रणनीतिका प्रमुख प्रयोगकर्ताहरु जनकपुरधाम उप-महानगरपालिका अन्तर्गतका महाशाखा, शाखा, समिति तथा इकाईहरु, उप-महानगरपालिका अन्तर्गत विकास साझेदारको सहयोगमा सञ्चालन भएका कार्यक्रम, स्थानीय तह र समुदाय स्तरका संस्थाहरु हुनेछन् । साथै स्थानीय स्तरमा सरकारी र गैर सरकारी निकायहरुले समन्वयात्मक रुपमा यो रणनीतिको कार्यान्वयन गर्न सक्ने विश्वास लिइएको छ ।

# आभार

प्रस्तुत लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) रणनीति, २०२२-२०२६ प्रति लैससास विज्ञ, सुदृढ परियोजना, तथा सरोकारवालाहरुको सहयोगमा तयार गरिएको हो । यस प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने विषय विज्ञहरु, उप-महानगरपालिकाका पदाधिकारीहरु, स्वयंसेवकहरु तथा यो रणनीति तयार गर्दा विभिन्न रुपमा जोडिनु भएका स्थानीय जनसमुदाय प्रति सुदृढ परियोजना समेतका तर्फबाट हामी आभार व्यक्त गर्न चाहन्छौं ।

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण एकाङ्गी रुपमा हुन सक्दैन । यसका लागि विकेन्द्रित शासन प्रणाली, कुशल सेवा प्रवाह र संस्थागत संयन्त्रको आवश्यकता पर्दछ । विकेन्द्रित, सहभागितामूलक विकास र सामाजिक बहसकै प्रक्रियाबाट लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई सम्बोधन गर्न सकिन्छ । यस रणनीतिमा स्थानीय तहको कार्यक्रमको समग्र संरचना र कार्यक्रमले सुधार गर्न चाहेको क्षेत्रभित्र पर्ने कार्यप्रणालीलाई अझ बढी लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री बनाउन आवश्यक व्यवस्था गरेको छ ।

महिलाको हकहितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि जनकपुरधाम उप-महानगरपालिकामा पेश महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा छानबिन तथा अनुगमन गरी आवश्यक नीति नियम र दिशानिर्देशको लागि रणनीति बनाउन पाउँदा सुदृढ परियोजना गौरवान्वित महसुस गर्दछ । साथै, महिलाको हकहितसँग सम्बन्धित कानुन वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन गर्न र प्रभावकारी कार्यान्वयनका लागि जनकपुरधाम उप-महानगरपालिकासँग सुझाव आदानप्रदान लगायतका नीतिगत सिफारिसमा भूमिका निर्वाह गर्न पाउँदा खुसि लागेको छ ।

महिला अधिकारको संरक्षणका लागि कटिबद्ध रहदै आएको यो उप-महानगरपालिका बिश्वब्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीको विषम परिस्थितिमा समेत हिंसामा परेका महिलाहरुको उद्धार गरी तिनलाई संरक्षण, मनोसामाजिक परामर्श, कानुनी सहायता लगायतका सेवा प्रदान गरी न्यायमा पहुँच पुऱ्याउन प्रयत्नशील रहेको छ । कोभिड-१९ का कारण भएको बन्दाबंदी र निषेधाज्ञाको समयमा समेत निरन्तर सेवा प्रवाह र अनुगमन कार्यमा खटिनु भएका उप-महानगरपालिकाका पदाधिकारीहरु सहितको कर्मचारी परिवारको क्रियाशीलतालाई हामी प्रशंसा गर्न चाहन्छौं ।

अन्तमा, यस रणनीतिको सफल कार्यान्वयनको लागि हामी जनकपुरधाम उप-महानगरपालिकालाई अग्रिम शुभकामना दिन चाहन्छौं । साथै, कार्यान्वयन चरणमा आइपर्ने प्राविधिक सहायता र सहयोगको लागि यस सुदृढ परियोजना तयार रहेको पनि जानकारी गराउन चाहन्छौं ।

# विषय-सूची


**प्राक्कथन** iiii

**आभार** iv

**विषय-सूची** v

**शब्द-संक्षेप** vii

**शब्दावली** viii

**परिचय १ : लैससास परिचय** १

१.१ लैंङ्गिकसमानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण १

१.२ नेपाल सरकारको विकासका सूचकहरुको प्राप्तिका निम्ति लैससासको मुलप्रवाहीकरण १

१.३ जनकपुरधाम उप-महानगरपालिकामा लैंङ्गिकसमानता तथा सामाजिक समावेशीकरण रणनीतिको औचित्य १

**परिच्छेद २ : लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई सम्बोधन गर्ने मौजुदा कानूनी ढाँचा र संस्थागत संयन्त्रहरु** ३

२.१ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय कानूनी ढाँचा र संस्थागत संयन्त्रहरु ३

२.२ मधेश प्रदेशको लैससास नीति तथा निर्देशिकासँगको तादात्म्य ४

२.३ लैससास प्रवर्द्धनका लागि जनकपुरधाम उपमहानगरपालिकामा रहेका संस्था र नीतिहरु ५

**परिच्छेद ३: जनकपुरधाम उपमहानगरपालिकाको लैससास अवस्थाको विशलेषण** ७

३.१ जनकपुरधाम उप-महानगरपालिकाको पृष्ठभूमि ७

३.२ सामाजिक साँस्कृतिक परिस्थिति-जनकपुरधाम उप-महानगरपालिकामा भएका सामाजिक र लैंङ्गिक मान्यताहरु ७

३.३ जनकपुरधाम उप-महानगरपालिकामा लैससासको लागि राजनीतिक इच्छाशक्ति ९

३.४ लैससास लेखाजोखाबाट निष्कर्षको खोज तथा सुझावहरु ९

**परिच्छद ४ : जनकपुरधाम उप-महानगरपालिकाको लैससास रणनीतिको सिंहावलोकन** ११

४.१ मूल सिद्धान्तहरु ११

४.२ परिवर्तनको सिद्धान्त (Theory of Change) १२

*४.२.१ समस्याको पहिचान* १३

*४.२.२ परिवर्तनका लागि अवरोधहरु* १४

*४.२.३ अवरोधहरु सम्बोधन गर्न तय गरिएका रणनीतिहरु :* १४

*४.२.४ प्रभाव, असर, प्रतिफल र लगानी* १५

**परिच्छेद ५ : रणनीतिको कार्यान्वयन** १६

५.१ रणनीतिको कार्यान्वयन १६

५.२ लक्षित समूहहरु १६

५.३ लैससास/एलएनओवि मूलप्रवाहीकरणको लागि सिफारिश गरिएको संस्थागत व्यवस्था १७

*५.३.१ नगरपालिकाको सामाजिक विकास विभाग देखि वडा तहसम्म स्रोत सुनिश्चितता* १८

*५.३.२ लैससास सम्पर्क व्यक्तिको नियुक्ति* १८

*५.३.३ लैससास सम्बन्धी दक्षता विकास* १९

*५.३.४ वार्षिक कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा लैससासको समावेशीकरण* १९

*५.३.५ महत्वपूर्ण गतिविधिहरुको मापन* १९

५.४ लैससास रणनीतिका मुख्य उद्देश्यहरु १९

**परिच्छेद ६ : अनुगमन, मूल्यांकन र प्रतिवेदन कार्य** २८

६.१ अनुगमन र मूल्यांकन : किन, कसरी र कोबाट २८
६.२ प्रतिवेदन कार्य २९
*६.२.१ उत्तरदायित्व* २९
*६.२.२ सिकाइ* २९

**परिच्छेद ७: सन्दर्भ सामाग्री** **I**

**परिच्छेद ८ : अनुसूचीहरु** **II**

अनुसूची - १ विभिन्न अध्ययन तथा अनुसन्धानबाट प्राप्त उपलब्धि र सुझावहरु xxxii
अनुसूची २ -लैङ्गिक क्रियाकलाप विवरण ixxxvii
अनुसुचि ३ - लिङ्ग अनुसार स्रोतहरुमाथिको पहुँच र नियन्त्रण xxxvii
अनुसूची ४- समाज कल्याण विकास विभागको लागि क्षमता क्षेत्र र क्षमता आवश्यकता xxxviii

# शब्द-संक्षेप

| शब्द संक्षेप | |
|---|---|
| एडीबी | एसियाली विकास बैंक |
| केतवि | केन्द्रीय तथ्यांक विभाग |
| सीड(अ) | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव विरुद्धको महासन्धि |
| जीबीभी | लैंगिकतामा आधारित हिंसा |
| लैंविसू | लैंगिकता विकास सूचाङ्क |
| लैससास | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| लैउब | लैङ्गिक उत्तरदायी बजेट |
| माविसू | मानव विकास सूचाङ्क |
| अविसास | अन्तर्राष्ट्रिय विकास साझेदार समूह |
| अगैंसस | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| आइएलओ | अन्तर्राष्ट्रिय श्रम संगठन |
| जउमनपा | जनकपुरधाम उप-महानगरपालिका |
| बगसू | बहुआयामिक गरिबी सूचाङ्क |
| गैसस | गैरसरकारी संस्था |
| नेअसं | नेपाल अनुसन्धान संस्था |
| एनयुआरपी | नेपाल अर्बान रिजिलियन्स परियोजना |
| संरासं | संयुक्त राष्ट्र संघ |

# शब्दावली

| | |
|---|---|
| पहुँच | सेवाहरू, अवसरहरू, वस्तु तथा स्रोत-साधन प्राप्त गर्न सक्ने वा तिनबाट लाभ लिन सक्ने विभिन्न लैङ्गिक समूहहरूको योग्यता । |
| लैंगिकता | महिला एवम् पुरुषहरूबीच समाजले निर्माण गरेको सामाजिक तथा सांस्कृतिक विविधता/संरचना । यस्ता संरचनाहरू संस्कृति र समयअनुसार फरक पर्न सक्दछन् र यस्ता संरचनाले पुरुष वा महिला भएकै कारणले प्राप्त हुने आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक अवसरहरूलाई प्रभावित पार्न सक्दछन् । |
| लैंगिकता विश्लेषण | लैङ्गिक भिन्नताका बारेमा जानकारी हासिल गर्नका लाागि लैङ्गिकरुपमा खण्डीकृत तथ्यांकको संकलन र विश्लेषण गर्ने प्रक्रिया । यी भिन्नताहरूका बारेमा जानकारी हासिल गर्नाले पुरुष, महिला, किशोर, किशोरीहरूका आवश्यकतालाई राम्रोसँग पूर्ति गर्नका लागि नीति, कार्यक्रम र परियोजनाहरूलाई प्रभावित गर्न सहयोग पुग्दछ । |
| लैंगिकतामा आधारित हिंसा | पुरुष तथा महिलाहरूबीच सामाजिक रुपमा खडा गरिएको विभेदमा आधारित रहेर कुनै व्यक्तिको इच्छा विपरीत गरिने कुनै पनि हानिकारक कार्यलाई बुझाउने एउटा साझा शब्दावली । यसअन्तर्गत भौतिक, यौनिक एवं मानसिक क्षति पुयाउने वा जबरजस्ती तथा स्वतन्त्रताबाट विमुख गराउने अन्य धम्कीपूर्ण कार्यहरू पर्दछन् । लैंगिकतामा आधारित हिंसा सार्वजनिक वा निजी रुप/स्थलमा प्रकट हुन सक्दछ । |
| लैंङ्गिकक्षमता | कुनै खास लैंङ्गिकसमूहले जन्मजात वा पछि हासिल गरेको दक्षता वा समस्याको सामना गर्ने सकारात्मक तरिकाका कारण समाजलाई योगदान गर्न सक्ने तत्व वा आधार । |
| लैंङ्गिक विकास सूचकांक | लैंङ्गिकविकास सूचकांकले मानवीय विकासका उपलब्धिहरूमा मानवीय विकासका तीन प्रमुख आयामहरू - स्वास्थ्य, ज्ञान र जीवनस्तर - मा मानवीय विकास सूचकांकको जस्तै गरी महिला र पुरुषबीचका विभेदहरूको मापन गर्दछ । |
| लैंङ्गिकसमानता तथा सामाजिक समावेशीकरण (लैससास) | महिला, पुरुष तथा सिमान्तीकृत समुदाय/समूहहरूमा सबै क्षेत्र र तहका कुनै पनि नीति तथा कार्यक्रम लगायत योजनाबद्ध कार्यले पार्ने असरको मूल्यांकन गर्ने प्रक्रिया । यो महिला, पुरुष तथा सीमान्तीकृत समुदाय/समूहहरूका चासो र अनुभवहरुलाई सबै राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रहरूमा गरिने योजना तर्जुमा कार्यान्वयन अनुगमन र मूल्यांकनको अभिन्न अंगको रुपमा स्थापित गर्ने एउटा प्रक्रिया हो जसले गर्दा हरेक व्यक्ति उत्तिकै लाभान्वित हुन सक्दछ र असमानता रहन जाँदैन । यसले विभेदहरूको न्यूनीकरण गरेर, समान अधिकार तथा अवसरहरु सुनिश्चित गरेर र जुनसुकै सामाजिक पृष्ठभूमि र पहिचान भए पनि सबै व्यक्तिको सम्मानको प्रत्याभूति दिलाएर असमान शक्ति सम्बन्धहरूलाई पुनर्सन्तुलित गराउँदछ । |
| कोई पछाडी नछोडिउन | २०३० को दिगो विकासको मुद्दा र दिगो विकासको लक्ष्य प्राप्तिका लागि केन्द्रिय र परिवर्तनकारी वाचा । यसले संयुक्त राष्ट्रि संघ सदस्य राष्ट्रहरुमा विभिन्न रुपमा रहेको गरिबीको उन्मुलन, भेदभावको बहिस्कार र अन्त्य, र मानवताको सम्भाव्यता, मानिसलाई एक आपसमा, व्यक्तिगत रुपमा पछाडी पार्न सक्ने असमानता र कमजोरीहरुलाई घटाउने प्रतिबद्धताको प्रतिनिधित्व गर्दछ । |
| लैंङ्गिकमूल प्रवाहीकरण | नीति, कार्यक्रम, रणनीति र प्रशासनिक/वित्तीय क्रियाकलापहरूमा महिला तथा पुरुषहरूका चासो र आवश्यकताहरू पहिचान तथा संबोधन गर्ने एउटा प्रक्रिया । |
| लैंङ्गिकआवश्यकता | पुरुष तथा महिलाहरूको सापेक्षिक अवस्था/स्थितिका कारण उत्पन्न आवश्यकताहरू । यस्ता आवश्यकता व्यावहारिक (जस्तो कि खाद्यान्न वा |

| | |
|---|---|
| | आश्रयस्थल) वा रणनीतिक (जस्तो कि कानुनी अधिकार, सीप विकास वा नेतृत्वसीप तालिम) किसिमका हुन सक्दछन् । |
| लैंङ्गिकभूमिका | समाजले पुरुष तथा महिलाहरूका लागि निर्धारण गरेका फरक-फरक कर्तव्य तथा जिम्मेवारीहरू । लैंङ्गिक भूमिका संस्कृति, परिवेश तथा समयअनुसार फरक-फरक हुन्छन् । |
| लैससास रुपान्तरणकारी पद्धति | लैससास रुपान्तरणकारी पद्धतिले व्यक्तिगत स्वयम्-सुधारबाट अघि बढ्दै असमानतालाई प्रवर्द्धन गर्ने शक्ति सम्बन्ध र संरचनाबाट टाढिने उद्देश्य राख्दछ । विकासमा लैससास रुपान्तरणकारी पद्धति “समाजमा रहेका सामाजिक मान्यता, प्रवृत्ति, आचरण र सामाजिक पद्धतिहरू”लाई संबोधन गर्नका लागि असमानताका “लक्षण”हरूबाट अघि बढ्दछ । यस पद्धतिले समूहहरूलाई सामाजिक मान्यता तथा शक्ति सम्बन्धहरूका दृश्य कमी-कमजोरीहरूलाई गम्भीरतापूर्वक परीक्षण गर्ने, चुनौती दिने र प्रश्न गर्ने बनाउँदछ (रोटाक तथा अन्य २००९) । रुपान्तरणकारी परिवर्तनहरूलाई सशक्तीकरणका तीन मुख्य क्षेत्रहरूका आधारमा मापन गर्न सकिन्छ ।<br>निकाय :व्यक्ति तथा सामूहिक क्षमता (ज्ञान तथा सीप), प्रवृत्ति, गम्भीर पुनरावलोकन, सम्पत्तिहरू, कार्यहरू, सेवाहरूमा पहुँच ।<br>सम्बन्ध : घर, बजार, समुदाय र समूह तथा संगठनका मानिसहरूबीचको सम्बन्धमा सम्मिलित अपेक्षा, सहकार्य तथा वार्ताका गतिशीलताहरू ।<br>संरचना : सामूहिक, व्यक्तिगत तथा संस्थागत अभ्यासहरू जस्तो कि वातावरण, सामाजिक मान्यता, स्वीकारोक्ति र पहिचानलाई नियन्त्रण गर्ने अनौपचारिक तथा औपचारिक संस्थागत नियमहरू । (मार्टिनेज तथा वु २००९, मोर्गान २०१४)ज्ञ |
| लैंङ्गिकसंकटाभिमुखता | पुरुष, महिलाहरू, किशोर वा किशोरीहरूले आफ्नो शक्ति वा सामाजिक औकातका कारण सामना गर्ने फरक-फरक खालका जोखिमहरू । |
| अन्तर-आवद्धता/ प्रतिच्छेदनात्मकता (intersectioniality) | “विभेद र असमानता जस्ता खप्टिएका र अन्तरनिर्भर पद्धतिहरूको विकास गर्ने ठानिएका जात, वर्ग, लैंगिकता आदिका आधारमा सामाजिक वर्गीकरणको अन्तर आबद्ध चरित्र” अन्तरआबद्धता हो । भेदभाव र दमनको सबैको आफ्नै अनुपम अनुभव छ र मानिसहरूलाई सीमान्तकृत बनाउन सक्ने कुनै पनि कुरालाई हामीले विचार गर्नै पर्दछ । सामाजिक पहिचान र अन्य सामाजिक भिन्नताहरूको एक-अर्कामा जटिल सम्बन्ध हुन्छ र अन्तरनिर्भर लाभ तथा हानी हुन्छ भन्ने कुरालाई स्वीकार गर्नु महत्वपूर्ण छ । |
| | |
| पुरुष संलग्नता | लैंगिकतामा आधारित हिंसाको निषेध लगायत लैंङ्गिकरुपान्तरण सम्बन्धी प्रयासहरूमा पुरुषहरूलाई समावेश गराउने एउटा रणनीति । यसअन्तर्गत लैंगिकतासम्बन्धी मुद्दाहरूमा सचेतीकरण गर्ने र पुरुषत्वसम्बन्धी सकारात्मक धारणाहरू प्रवर्द्धन गर्ने जस्ता पुरुषसम्बन्धी कार्यक्रमहरूमा विशेष जोड दिने कुरा पनि रहन सक्छ । |
| सीमान्तीकृत/वञ्चितीकृत | सीमान्तीकरण अन्तरपुस्तागत र पद्धतिगत हुन्छ जुन निम्न कुराहरूमा आधारित हुन्छ : (क) लैंगिकतामा आधारित (ख) गरिबीमा आधारित, र (ग) जात, जाति, धर्म, भाषा, अपांगता तथा शारीरिक वा मानसिक बिरामीमा आधारित । यसर्थ, यसले निम्न क्षेत्रहरूमा सीमान्तीकरण बढाउँदछ (क) आर्थिक वञ्चितीकरण (ख) राजनीतिक विभेद, र (ग) सामाजिक विभेद । यी अनुभवहरूले उनीहरूका सामाजिक परिवेश र आवाजलाई धूमिल बनाउँदछन् साथै आधारभूत सेवाहरू, |

[ज्ञ] :भबकगचष्लन नभलमभच(तचबलकायचकबतष्खभ अजबलनभ, ब चभखष्भध या ष्तिभचबतगचभ बलम उचयकष्कष्लन उचबअतष्अभक, ऋब्ऋ ग्क्ब, इअतयदभच द्दण्ज्ञछ

| | |
|---|---|
| | आम्दानी र रोजगारीका अवसरहरूमा समान पहुँचको अभाव।" नेपाली समाजमा सीमान्तीकृत/वञ्चितीकृत समुदायलाई निम्नानुसार चिनिन्छ :<br>जात/जातीयता : दलित, पछाडि परेकाहरु र आदिवासी जनजाति<br>क्षेत्र : मधेश, यसर्थ मधेशका मानिसहरू अर्थात् मधेशी<br>धर्म : मुस्लिम र अन्य गैर-हिन्दु<br>भाषा : गैरनेपाली<br>सम्पत्ती : भूमिहीन |
| बहुआयामिक गरिबी | बहुआयामिक गरिबीले विपन्न समुदायले दैनिक जीवनमा भोग्नुपरेका विभिन्न खालका वञ्चितीकरणहरूलाई समेट्दछ। जस्तो कि- कमजोर स्वास्थ्य, शिक्षा, कमजोर जीवनस्तर, सशक्तीकरणको अभाव, कार्यमा कमजोर गुणस्तर, हिंसाको धम्की, वातावरणीय रुपमा खतरनाक क्षेत्रमा बसोवास र अन्य।[२] |
| सहभागिता | समाजका विभिन्न आयाममा विभिन्न लैङ्गिकसमूहहरूको संलग्नताको तह र सम्बन्धित व्यक्तिको सामाजिक स्वतन्त्रताले लैंगिकतामा आधारित भएर यस्तो संलग्नतामा कसरी प्रभावित पार्दछ भन्ने विषय। |
| सामाजिक समावेशीकरण | व्यक्ति र समूहहरूका लागि विकासका अवसरहरुको पहुँचमा रहेका संस्थागत व्यवधानहरू हटाउने र विकासका अवसरहरूमा पहुँच बढाउने प्रक्रिया। सामाजिक समावेशीकरणले असमान शक्ति सम्बन्धहरूलाई पुनर्संन्तुलित गर्न, विभेद कम गर्न र अधिकार, अवसर तथा जुनसुकै सामाजिक पहिचानका भए पनि सबै व्यक्तिका लागि सम्मानको सुनिश्चितता गर्ने कुरामा जोड दिन्छ। |
| बेतलबी काम | घरायसी वा बाह्य खपतका लागि वस्तु तथा सेवाहरू उत्पादन गर्न गरिने ती प्रयासहरूलाई बेतलबी काम भनिन्छ जसलाई बजारमा बिक्री गर्न सकिँदैन। |
| संकटाभिमुख | संकटाभिमुखता अवस्था अनुसार निर्धारित हुन्छ र यो निम्न कुराहरूसँग सम्बन्धित हुन्छ : क) उमेर ख) भौगोलिक अवस्थिति- जस्तो कि विपद्उन्मुख क्षेत्रमा बसोवास, र ग) रोजगार अथवा आयस्रोत गुमाएका व्यक्तिहरू। उदाहरणका लागि- भूकम्प, बाढी प्रभावित क्षेत्रमा बसोवास गरेका व्यक्तिहरू, एच.आइ.भी. प्रभावित, यौनकर्मीहरू र बेचबिखनमा परेका बालबालिका, किशोरकिशोरी, वृद्धवृद्धा र अन्य। |

[2] https://ophi.org.uk/policy/multidimensional-poverty-index/

# परिचय १ : लैससास परिचय

## १.१ लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण

लैससास मूल प्रवाहीकरण नीति, कार्यक्रम, रणनीति र प्रशासनिक/वित्तीय क्रियाकलापहरूमा महिला, पुरुष तथा सीमान्तीकृत समुदायका चासो र आवश्यकताहरू पहिचान गरी सम्वोधन गर्ने एउटा प्रक्रिया हो । यसले लैससाससँग सम्बन्धित विभिन्न अनुभवहरुलाई राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रहरूमा गरिने योजना तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्यांकनको अभिन्न अंगको रुपमा स्थापित गर्न सघाउँदछ । यो प्रक्रियाले असमानता र विभेदहरूको न्यूनीकरण गर्दै, समान अधिकार तथा अवसरहरू सुनिश्चित गर्ने र जुनसुकै सामाजिक पृष्ठभूमि र पहिचान भए पनि सबै व्यक्तिमा सम्मानको प्रत्याभूति दिलाई असमान शक्ति सम्बन्धहरूलाई पुनर्सन्तुलित गराउँदछ ।

## १.२ नेपाल सरकारको विकासका सूचकहरुको प्राप्तिका निम्ति लैससासको मुलप्रवाहीकरण

नेपालको संविधानले स्पष्ट रुपमा नेपाललाई समावेशी राज्यका रुपमा परिकल्पना गर्दै आफ्ना सबै नागरिकहरूलाई समानताको हकको प्रत्याभूति दिलाएको छ र महिला, विपन्न, संकटाभिमुख र विभिन्न समुदायका मानिसहरूको बराबर अधिकारको संरक्षण गर्ने भनेको छ ।[3] सीमान्तीकृत समुदायले भोग्नु परेको इतिहास वा विगतमा भएका क्षतिलाई संवोधन गर्नु र लिङ्ग तथा जात/जातियतामा आधारित भेदभावलाई निषेध गर्नु यसका सकारात्मक प्रावधानहरू हुन् । पन्ध्रौं पञ्च-वर्षीय योजनाले सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रहरूमा महिलाहरूको समान र अर्थपूर्ण सहभागिता हासिल गर्ने लक्ष्य राख्दै नेपालको लैंङ्गिकविकास सूचकांकलाई ०.९२५ बाट ०.९६३ पुऱ्याउने अपेक्षा राखेको छ ।[4]

"नेपालको लैससास कानुनी ढाँचा र संस्थागत संयन्त्र" शीर्षकमा नेपालमा लैससासलाई संवोधन गर्ने संयन्त्रबारे प्रस्तुत गरिएको छ जस अनुसार विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको हस्ताक्षरकर्ता मुलुक भएकाले सरकार लैंङ्गिकसमानता र सामाजिक समावेशीकरणप्रति कानुनी रुपमा प्रतिबद्ध छ । संविधान संगै नेपाल सरकार प्रमुख दिगो विकास लक्ष्यहरू हासिल गर्ने कुरामा पनि प्रतिबद्ध छ ।[5] (तालिका-१ हेर्नुहोस्) यस परिप्रेक्ष्यमा, अन्तर्राष्ट्रिय विकास साझेदार समूह ( यसपश्चात् अविसासं (आइडीपीजी), २०१७), नेपाल दिगो विकासका लक्ष्यहरूमा खासगरी "कोहि पछि नछुटुन्" भन्ने कुरामा दृढ समर्पित रहोस् भन्ने चाहन्छ ।

## १.३ जनकपुरधाम उप-महानगरपालिकामा लैंङ्गिकसमानता तथा सामाजिक समावेशीकरण रणनीतिको औचित्य

जनकपुरधाम उप-महानगरपालिका सामु लैंङ्गिक समानता र सामाजिक समावेशीकरण हासिल गर्ने दिशामा महत्वपूर्ण चुनौतीहरू रहेका छन् । पितृसत्तात्मक मान्यताहरूले सामाजिक र सांस्कृतिक स्वरुपको आकार निर्धारण गर्नुका साथै जातीयतामा आधारित भेदभावलाई निरन्तरता दिएका छन् । यसबाट लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको रणनीति प्रवर्द्धन गर्नका लागि सबै तहबाट प्रयास तथा सहयोग आवश्यक हुन्छ । एउटा अध्ययनले देखाए अनुसार मधेश प्रदेशमा बहुआयामिक गरिबीमा २५ लाख मानिसहरू रहेका छन् ।[6] यसका अतिरिक्त शक्ति तथा निर्णय प्रक्रिया सम्पन्न व्यक्ति र पुरुष जनसंख्याबाट नियन्त्रित छ जसअन्तर्गत रोजगारीका अवसरहरू, पूँजी, पशु, वस्तु, भूमि, बजार, व्यवसाय, उद्यम र अन्य साधनबाट प्राप्त आम्दानी, राजनीतिक संलग्नता र उत्पादनशील साधनहरूको नियन्त्रणहरु रहेका छन् ।[7] जनकपुरधाम उप-महानगरपालिकामा रहेका विद्यमान सामाजिक, सांस्कृतिक र राजनीतिक तथा भेदभावजन्य

[3]CONSTITUTION OF NEPAL 2015, Constituent Assembly Secretariat Singha Durbar

[4]The Fifteenth Plan (Fiscal Year 2019/20 – 2023/24), Government of Nepal, National Planning Commission Singhadurbar, Kathmandu

[5]Copp, 2020, Nepal: Gender Equality and Social Inclusion: Avenues and Insights.

[6]NURP Janakpurdham GESI/LNOB Assessment Report, 2020, p. 10.

[7] NURP Janakpurdham GESI/LNOB Assessment Report, 2020, pp. 17-18.

अभ्यासहरूका कारण महिला, अपांगता भएका व्यक्तिहरू, वञ्चितीकरणमा परेका समुदायहरू अझसम्म पनि सीमान्तीकृत छन् । दिगो विकास लक्ष्यहरूले पैरवी गरे मुताविक समानता र कोही पछि नछुटुन्को केन्द्रीय सिद्धान्तलाई जनकपुरधाम उप-महानगरपालिकाको सन्दर्भमा मध्यनजर गरिनुपर्दछ । यसर्थ, माथि प्रकाश पारिएका चुनौतीहरूको सामना गर्न जनकपुरधाम उप-महानगरपालिकामा लैससास रणनीति कोसेढुंगा हुनेछ ।

जनकपुरधाम उप-महानगरपालिकाका लागि लैससास रणनीतिको प्रमुख औचित्य देहायअनुसार रहेको छ :

- जनकपुरधाम उप-महानगरपालिकाको लैससास रणनीतिलाई संविधानमा संरक्षण गरिएका अधिकारहरू र अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरूमा नेपालले गरेको प्रतिबद्धतासँग मिलान गर्न, गराउन ।
- संस्थागत परिवर्तनका प्रक्रियालाई जोड दिन; शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, स्वच्छता र सरसफाइ जस्ता क्षेत्रहरूमा असमानताको अन्तर कम गर्न र सबै नागरिकको अधिकार प्रवर्द्धन गर्न ।
- लैससास रणनीतिलाई संघीय सरकारका संरचनासँग पङ्क्तिबद्धता गर्दै लैंङ्गिक समानताको प्रत्याभूति गर्न ।
- सरकारी जिम्मेवारीहरूको बाँडफाँट गरी बजेट विनियोजन तथा लैंङ्गिक बजेटको प्रभावकारी कार्यान्वयन सहित सबै क्षेत्र र कार्यक्रममा सामाजिक समावेशीकरण गर्न ।
- दीगो विकास लक्ष्यहरू र मधेश प्रदेश सरकारको सारभूत लैङ्गिक समानता नीति हासिल गर्न योगदान गर्ने । महिला तथा बालबालिकाहरु, बिपन्न तथा सिमान्तिकृतहरुलाई भौतिक पूर्वाधार तथा सेवाहरु, जस्तै शिक्षा, स्वास्थ, आवास, खानेपानी र अन्य आधारभूत सेवाहरुसँगको पहूचमा वृद्धि गरेर लैङ्गिक उत्तरदायी र समावेसी आर्थिक बिकासलाई सहजीकरण गर्ने यो पहिलो कदम हो । समावेशी नीति तर्जुमा, परिमार्जन र संकटाभिमुख तथा बञ्चितीकरणमा परेका समुदायका लागि सकारात्मक कार्यहरूका लागि सहयोग विस्तार गर्न ।
- उमेर, लिङ्ग , जाति, अपांगता, तथा खण्डिकृत तथ्यांकको सुनिस्चितता गर्दै लैङ्गिकता तथा समावेसी उत्तरदायित्व सहितको अनुगमन, मुल्यांकन, सिकाईका उदेश्यहरु तथा सूचकहरु कार्यकममा समावेस गर्न ।
- सिकाई र लैससास मूल प्रवाहीकरणको निरन्तर अवलम्बन गरी दीर्घकालमा रुपान्तरणकारी परिवर्तन ल्याउनका लागि सशक्तिकरणलाई प्रभावकारीरुपमा सहयोग गर्ने र अवसरहरू पहिचान गरी कार्यक्रमलाई न्यूनतम अवस्थामा पनि पालना गर्ने परिपाटीबाट अघि बढाउन ।
- सरकारको नीति, कार्यक्रम र आ.व. २०२०/२१ को बजेट वक्तव्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी सहयोग पुऱ्याउन, जसले समानता र समावेशीकरणमा सबैका लागि आधारभूत सेवाहरूको प्रत्याभूति गरेको छ र उदाहरणीय नतिजाहरू हासिल गरेको छ । यस अन्तर्गत :

  क) परिमार्जित लैससास रणनीति कार्यान्वयनका लागि दक्ष, कार्यमूलक र संस्थागत संयन्त्रहरूको विकास गर्ने,

  ख) सीमान्तीकरणमा परेका समुदायलाई आफ्नो आधारभूत अधिकारको हक दावी गरी सशक्तिकरण गर्नका लागि (जस्तो कि शिक्षा, स्वास्थ्योपचार, सरसफाइ र स्वच्छता)

  ग) पद्धति र सेवाहरूमा लैंङ्गिकसमानता र सामाजिक समावेशीकरणलाई संस्थागत गर्न

  घ) सामाजिक रुपमा बञ्चितीकरणमा परेका समूह तथा संकटाभिमुख जनसंख्यालाई लक्षित गरी कार्यक्रमहरूमार्फत् नतिजामा आधारित प्रतिफल हासिल गर्न ।

# परिच्छेद २ : लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई सम्बोधन गर्ने मौजुदा कानूनी ढाँचा र संस्थागत संयन्त्रहरु

## २.१ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय कानूनी ढाँचा र संस्थागत संयन्त्रहरु

माथि उल्लेख गरिए अनुसार नेपालको समग्र कानूनी ढाँचा अर्न्तगत थुप्रै संवैधानिक र कानूनी प्रावधानहरु लैससासलाई पनि ध्यान दिई तयार गरिएको छ । विभिन्न क्षेत्रमा महिला, गरिव, वहिष्करण र जोखिममा परेकाहरूले सामना गर्नु परेका विशिष्ट व्यवधानहरु पहिचान हुनु आवश्यक छ भन्ने कुरा नेपाल सरकारका विभिन्न नीति तथा दिग्दर्शनहरुले स्वीकार गरेका छन् ।[8] स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय सरकारसँग आवश्यकता अनुसार विभिन्न ऐन, नीति, निर्देशिका र रणनीतिहरु बनाउने अधिकार रहेको छ । समयक्रमसँगै लैंगिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरु सम्बोधन गर्न नेपाल सरकारले तल उल्लेख गरिए अनुसारको कानूनी ढाँचा बाहेक विभिन्न संस्थागत संयन्त्रहरु र संरचनाहरु निर्माण गरेको छ ।

*तालिका १ : नेपालको लैससास सम्बन्धी कानूनी ढाँचा र संस्थागत संयन्त्रहरु*

| तह | निकाय | जिम्मेवारी |
|---|---|---|
| संघ | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | महिला, बालबालिका तथा जेष्ठ नागरिकहरु विशेष गरी आर्थिक रुपले पछाडि पारिएका, सामाजिक रुपले वञ्चितीकरणमा परेका र अन्य किसिमले सेवाबाट बञ्चित रहेकाहरुको सशक्तीकरण गर्ने । |
| | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सामाजिक तथा आर्थिक रुपले पछाडि पारिएका समूहहरु, क्षेत्र र समुदायहरुमा सेवा र सुविधाहरुको पहुँच वृद्धि गर्ने । |
| | | सामाजिक परिचालनको माध्यमद्वारा दलित, आदिवासी, मधेशी, मुस्लिम, अपांगता भएका व्यक्तिहरु, अति विपन्न व्यक्तिहरुको सशक्तीकरण गर्ने । |
| | | निर्णय गर्ने र योजना तर्जुमा प्रक्रियामा नागरिकहरुको सहभागिता बढाएर सहभागितामुलक विकासको सुनिश्चितता गर्ने । |
| | | सामाजिक समावेशिता र सामाजिक सुरक्षा शाखा तथा अन्य आयोगहरुको निगरानी गर्ने । |
| | अर्थ मन्त्रालय, लैंङ्गिकउत्तरदायी बजेट समिति | विभिन्न मन्त्रालयहरुले अवलम्बन गर्नको लागि लैंङ्गिकउत्तरदायी बजेट निर्देशिका जारी गर्ने |
| | विशिष्ट रुचि (चाख) समूहहरुका लागि राष्ट्रिय आयोगहरु | महिला, दलित, जनजाति, मधेशी, मुश्लिम र थारुहरु जस्ता विशिष्ट समूहहरुको अधिकार तथा सरोकारहरुसँग सम्बन्धित नीति तथा कार्यक्रमहरुको निर्माण तथा अनुगमन गर्ने |
| | राष्ट्रिय समावेशी आयोग | खस आर्य, पिछडिएका वर्ग, अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिकहरु, श्रमिकहरु, किसानहरु, अल्पसंख्यक तथा सीमान्तीकृत समुदायहरु, कर्णालीबासीहरु र विपन्न वर्गको अधिकार संरक्षण गर्ने । |
| | राष्ट्रिय मानव अधिकार आयोग, निर्वाचन आयोग, लोक सेवा आयोग, राष्ट्रिय | लैससासलाई सबै क्रियाकलापहरुमा अन्तर सम्बन्धित विषयको रुपमा मान्यता दिने |

[8] IDPG, 2017, A common framework for Gender Equality and Social Inclusion (GESI).

| तह | निकाय | जिम्मेवारी |
|---|---|---|
| | प्राकृतिक स्रोत तथा वित्त आयोग | |
| प्रदेश | सामाजिक विकास मन्त्रालय | लैससास सम्बन्धित सवालहरुको सम्बोधन गर्ने र प्रादेशिक तहहरुको योजना, नियमहरु, मापदण्डहरु, नीतिहरु, कार्ययोजनाहरु, पुनस्थापना, अनुगमन र मुल्यांकन, लैंङ्गिक र लैंङ्गिकउत्तरदायित्व परीक्षणमा लैससासलाई एकीकृत गर्ने । |
| स्थानीय | नगर/गाउँपालिकाको सामाजिक विकास शाखा | • अपांगता भएका व्यक्तिहरुको हित र समग्र विकासको लागि कार्यक्रमहरु निर्माण र कार्यान्वयन गर्ने ।<br>• नीति र योजनाहरुको ढाँचा तयार गर्ने, नीति र योजनाहरु बनाउने र प्राथमिकीकरण गर्ने ।<br>• लैससास उत्तरदायी क्रियाकलापहरु, सामाजिक सुरक्षा परियोजना, तथ्यांक र सूचना व्यवस्थापन, जेष्ठ नागरिक, बालबालिका र अपांगता भएका व्यक्तिहरुको लागि हेरचाह र पुनस्थापन केन्द्रहरुको व्यवस्थापनको कार्यान्वयन गर्ने । |

*(Adapted from: ADB, 2020, p. 13)*

## २.२ मधेश प्रदेशको लैससास नीति तथा निर्देशिकासँगको तादात्म्य

मधेश प्रदेश को नीतिको उद्देश्य लैंङ्गिक समानता तथा सामाजिक रुपले समावेशी जवाफदेही शासनलाई संस्थागत गर्न प्रदेश सरकारका सबै तह र निकायहरुमा महिला तथा बन्चितिकरणमा परेका समूहहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चिता गर्ने सबै प्रकारका प्रत्यक्ष र अप्रत्यक्ष विभेद र असमानताहरुको अन्त्य गर्ने सबै बन्चितिकरणमा परेका समूह तथा समुदायहरुको लागि सम्मानित ढंगले बाँच्ने वातावरणको सुनिश्चितता गर्ने आर्थिक समृद्धि र दिगो विकासको सुनिश्चतता गर्ने बन्चितिकरणमा परेका समूहहरुको लागि स्रोत, साधन, अवसर तथा लाभहरुमा समान पहुँचको सुनिश्चितता गर्ने । महिला, लैंङ्गिक तथा यौनिक अल्पसंख्यक, बन्चितिकरणमा र जोखिममा रहेका समुदायहरु विरुद्धको सबै प्रकारका हिँसाको अन्त्य गर्ने रहेको छ ।

### स्थानीय तहमा लैससास मूलप्रवाहीकरणलाई सहयोग गर्न गरिएका सिफारिश

स्थानीय सरकारहरुको राजनैतिक इच्छालाई कार्ययोजना, क्षमता विकास, तालिम र आवश्यक वित्तीय स्रोतहरुमार्फत बल पुऱ्याइनु पर्दछ । अपेक्षित उद्देश्य हासिल गर्नको लागि लैससास संस्थागत हुन योगदान पुऱ्याउने अनुगमनका उपकरण तथा औजारहरु आवश्यक हुन्छन् ।

### स्थानीय तहमा लैससास मूलप्रवाहीकरणलाई सहयोग पुऱ्याउनका लागि पहलहरुको सिफारिश :

- जोखिममा रहेका समूह, महिला र बन्चितिकरणमा परेको समूहको आवश्यकता र जिज्ञासाहरूको सम्बोधन, उनीहरुको परिस्थिति विशेष सामाजिक-आर्थिक स्रोतहरूको आधारमा गरिनुपर्छ । लक्षित उपायहरू लैससासको मूलप्रवाहीकरणसँगसँगै जानुपर्दछ ।
- शक्तिको अन्यायपूर्ण वितरण विरुद्धको लडाइँ, समताको सुनिश्चितता, अनुशासनको विकास, कोटा प्रणाली वा सकारात्मक विभेदको उपायहरु आवश्यक छन् ।
- महिलाहरुको पारिश्रमिक विनाको हेरचाह सम्बन्धी श्रमको सवाल सम्बोधन गर्न, उनीहरुको अधिकार र आधारभूत आवश्यकता पुरा गर्न, आर्थिक सशक्तीकरण गर्न, र लैंङ्गिक हिँसा, बाल विवाह र विद्यालय छाड्ने क्रमलाई रोक्न मुलकभर सचेतना अभियानको आवश्यकता छ । नागरिक समाज, महिलाको क्षेत्रमा काम गर्ने

संघसंस्थाहरु, बयस्क समूहहरु, युवा क्लवहरु र गैससहरु र नगरपालिका संरचना भन्दा बाहिरका सरोकारवालाहरुले नगरपालिकासँग मिलेर लैससास कार्यक्रमहरु संचालन गर्न सक्छन् ।

- लक्षित समूहहरु लाभान्वित हुने गरी समानुपातिक ढंगले लैंङ्गिक बजेट निर्माणको काम गरिनुपर्छ ।
- न्यायिक समितिको स्थापना नगरपालिकाको एउटा महत्वपूर्ण उपलब्धि हो । न्यायिक समितिलाई विशेषगरी महिला र बन्चितिकरणमा परेका समूहहरुलाई न्याय प्रदान गर्ने विभिन्न संरचनाहरु जस्तै वडा तहका मध्यस्थता केन्द्रहरु, मेलमिलाप समितिहरु, जिल्ला अदालत, प्रहरी, सरकारी कानुन विभाग र अन्य न्यायिक/सामाजिक सेवा प्रदायकहरुसँग जोड्ने, संरक्षणको पहिलो तहको रुपमा परिकल्पना गरिएको छ। त्यसैले स्थानीय सरकारले न्यायिक समितिको क्षमता विकासमा लगानी बढाउनु पर्दछ ताकि तिनीहरु स्थानीय सरकार संचालनमा व्यवस्था भए अनुसारको जिम्मेवारीहरु पुरा गर्न साधन सम्पन्न, सीपयुक्त र सक्षम हुनेछन् ।
- बाल स्याहार केन्द्रको व्यवस्था र लचिलो खालको कार्य अवधिले महिलाहरुलाई उनीहरुको श्रम जीवनलाई सन्तुलित बनाउन सहज हुन्छ । यसमा स्थानीय सरकारको पहल आवश्यक हुन्छ । महिलाहरुलाई सहयोग गर्ने मानसिकतालाई प्रोत्साहन गर्नाले घरायसी काममा पुरुषहरुको सहभागिता बढ्न गई महिलाहरुको कार्यवोझ घट्न जानेछ ।
- स्थानीय तहको कार्यक्रम तथा क्रियाकलापहरुको डिजाइन, वित्तीय व्यवस्था, कार्यान्वयन र मूल्यांकनमा अवलम्बन गरिएको सहभागितामुलक पद्धति र सामुदायिक सहभागिताले लैससासको मूलप्रवाहीकरणमा योगदान पुग्दछ ।
- लिङ्ग, उमेर, जातजाति र अपाङ्गताको आधारमा तयार गरिएको खण्डीकृत तथ्यांक र सूचकहरु सबैका लागि समानुपातिक ढंगबाट कार्यक्रम र सेवा प्रवाह गर्न नगरपालिकाको लागि सहयोगी हुन सक्दछ र यसबाट लक्षित समूह कोही पनि नछुट्ने सुनिश्चतता गर्न सकिन्छ ।

## २.३ लैससास प्रवर्द्धनका लागि जनकपुरधाम उपमहानगरपालिकामा रहेका संस्था र नीतिहरु

लैससास सम्बन्धी मुद्धाहरुलाई अगाडि बढाउन माथि उल्लेखित कानूनी व्यवस्थाका अतिरिक्त संघ, प्रदेश र नगरपालिका तहमा थुप्रै संस्थागत प्रवन्धहरु भएका छन् । संघीय तहमा महिला, बाल बालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र यस अर्न्तगत महिला तथा बालबालिका विभाग रहेका छन् । यस विभागको कार्यक्षेत्र भनेको महिलाहरुको, त्यसमा पनि विशेष गरी आर्थिकरुपले कमजोर, सामाजिक रुपले विभेदमा परेका वा अन्यरुपले पछाडि परेका महिलाहरुको सशक्तीकरण गर्नु रहेको छ । बाल अधिकार प्रवर्द्धन, लैंङ्गिक तथा समावेशिताका सवालहरु विकेन्द्रित योजना तर्जुमा र समीक्षामा समावेश गर्ने जिम्मा पनि यस विभागलाई दिइएको छ । हाल रहेका कानूनी तथा नीतिगत प्रतिवद्धता लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि प्रस्थान विन्दुहरु हुन् । यस रणनीतिले लैससासको क्षेत्रमा भएका खाडलहरु र पैरवीका क्षेत्रहरुको सम्बन्धमा जानकारी दिनेछ ।

प्रदेश र स्थानीय तहमा रहेका लैससास सम्बन्धी संस्थागत संरचनाहरुलाई तलको तालिकामा संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

तालिका २ : संघ, प्रदेश र स्थानीय तहमा रहेका लैससासका क्षेत्रमा काम गर्ने संस्थाहरु


| तहहरु | संस्थाहरु | विभागहरु | लैससास नीतिहरु |
|---|---|---|---|
| संघीय | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | महिला, बालबालिका विभाग | चालुकोष स्थापना तथा बीउपुँजी परिचालन निर्देशिका २०६०<br>लैंङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१, कार्यविधि दिग्दर्शन, २०६१<br>आपत्कालिन संरक्षण सेवामा महिला विकास कार्यक्रम अन्तरगत प्रवर्द्धित समूहहरुको परिचालनका लागि मार्गदर्शन<br>अस्पतालमा आधारित एक विसौनी संकट व्यवस्थापन केन्द्र संचालन दिग्दर्शन २०६७<br>मुलुकी अपराध संहिता २०७४, |

| तहहरु | संस्थाहरु | विभागहरु | लैससास नीतिहरु |
|---|---|---|---|
| | | | मुलुकी देवानी संहिता २०७४,<br>मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४,<br>मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५,<br>घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६,<br>घरेलु हिंसा (कसुर र सजाय) नियमावली २०६७,<br>कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१,<br>बोक्सीको आरोप (कसूर र सजाय) ऐन २०७२,<br>अपराध पीडित संरक्षण ऐन २०७५, ज्येष्ठ नागरिक सम्वन्धी ऐन २०६३,<br>दलित आयोग ऐन २०७४,<br>अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४,<br>सामाजिक सुरक्षा ऐन २०७५ |
| **प्रदेश** | सामाजिक विकास मन्त्री | सामाजिक विकास मन्त्रालय | प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति २०७९<br>दलित सशक्तीकरण ऐन २०७५ |
| **पालिका** | सामाजिक कल्याण विकास विभाग | महिला तथा बालबालिका विकास शाखा | ज्येष्ठ नागरिक परिचयपत्र कार्यविधिहरु २०७५<br>अपांगता कार्यविधि २०७५<br>बाल संरक्षण निर्देशिका २०७५ (मस्यौदा)<br>गुनासो सुनुवाई कार्यविधि २०७५ (मस्यौदा)<br>ज्येष्ठ नागरिक मिलन केन्द्र २०७६ (मस्यौदा)<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ |
| **वडा** | वडा तहका कार्यालयहरु | N/A | पालिका तहका नीतिहरु |

*(Source: NURP Janakpurdham GESI/LNOB Assessment Report, 2020, pp. 8-9)*

**अनुगमन, मूल्यांकन र पुनरावलोकन:**

- स्रोतसाधनहरु, सुविधाहरु र लाभहरु महिला, गरिब र बन्चितिकरणमा परेका समूदाय सम्म पुगे नपुगेको एकीन गर्ने ।
- खण्डीकृत तथ्यांक संकलन भएको हुने
- निरन्तर मूल्यांकन र अनुकुलन
- आगामी वर्षका योजना तथा कार्यक्रम निर्माण अनुगमन तथा मूल्यांकन र सिकाईको आधारमा




**लैससाससँग सम्बन्धित सवालहरु:**

- बन्चितिकरणमा परेका समूदायहरु र बन्चितिकरणका कारणहरु
- लैससाससँग सम्बन्धित नीति तथा कार्यक्रमहरु
- बन्चितिकरणमा परेका समूदायले सेवा प्राप्त गर्न भोग्न् परेका बाधा

**पहिचान भएका सवालहरुको सम्बोधन गर्नुहोस:**


- नीतिगत निर्देशनहरु
- संस्थागत व्यवस्था र उत्तरदायित्व
- कार्यक्रम अनुमोदन र बजेटको व्यवस्था
- कार्यक्रम निर्देशिका र योजनामा

*चित्र १ : लैससास मूलप्रवाहीकरण चक्र*

# परिच्छेद ३: लैंङ्गिक उपमहानगरपालिकाको लैससास अवस्थाको विस्लेषण

## ३.१ जनकपुरधाम उप-महानगरपालिकाको पृष्ठभूमि

जनकपुरधाम उप-महानगरपालिका धनुषा जिल्लाको सदरमुकाम र मधेश प्रदेशको राजधानी पनि हो । मधेश प्रदेश देशको कुल जनसंख्याको १८.४ प्रतिशत जनसंख्या भएको दोस्रो ठूलो प्रदेश हो । यो प्रदेश देशको दक्षिण भागमा रहेको मध्य तराईमा अवस्थित छ। अठारौं शताब्दी देखि बसोबास हुँदै आएको यस स्थान सन् १९६० मा नगरपालिका र २०१७ मा उपमहानगरपालिका घोषित भएको थियो ।



चित्र २ : जनकपुरधाम उपमहानगरपालिका

सन् २०१८ को पछिल्लो अनुमान अनुसार पालिकाको ९१.९७ वर्ग किमी क्षेत्रफलमा १७३९२४ जना मानिसहरु बसोबास गर्दछन् । कृषि विकास मन्त्रालयको प्रतिवेदन अनुसार यहाँको जनसंख्या वृद्धिदर २.२ रहेको छ । जुन बुटवल र पोखरा जस्ता सहरहरुको तुलनमा कम हो । जनसंख्या वृद्धि दरलाई बढ्दो सहरीकरणले प्रभावित गर्ने गरेको छ । त्यसैगरी छेउछाउका वस्तीबाट केन्द्र तिर आउने प्रवृत्ति र बसाई सराईको कारणले पनि जनसंख्या वृद्धिलाई प्रभावित गर्ने गरेको छ ।[9] यो नगरपालिकामा उब्जाउ जमिन लगायत थुप्रै प्राकृतिक स्रोतहरुका हिसाबले धनी छ । तथापि बढ्दो जनसंख्याका कारण कृषियोग्य भूमिको अनुपातमा परिवर्तन भैरहेको छ, काम गर्ने उमेरका मानिसहरु विभिन्न सम्भावना खोज्दै सहर तिर जाने क्रम बढ्दो छ, र धेरै मानिस रोजगारीको खोजीमा विदेश तिर गैरहेका छन् । यस अर्थमा व्यापार, व्यवसाय, धार्मिक पर्यटन, र विप्रेषण नै जनकपुरधाम वासीहरुको आम्दानीका प्रमुख स्रोतहरु हुन् । नगरपालिकाको केन्द्रभाग भन्दा बाहिर रहेका गरिवहरुको अझै पनि आम्दानीको प्रमुख स्रोत भनेको कृषि, माछापालन, पशुपालन र विप्रेषण रहेका छन् । नगरपालिकामा रहेको रोजगारको प्रमुख आधार भनेको घर निर्माण कार्य हो ।

## ३.२ सामाजिक साँस्कृतिक परिस्थिति-जनकपुरधाम उप-महानगरपालिकामा भएका सामाजिक र लैंङ्गिक मान्यताहरु

जनसंख्याको बनावटले के देखाउँछ भने यहाँका मुख्य बासिन्दाहरु यादव, तराई ब्राम्हण, सुडी, तेली र कायस्थ रहेका छन् । त्यस मध्ये १० देखि १५ प्रतिशत तराई दलित रहेका छन् ।[10] ऐतिहासिक हिसाबले, नेपालमा पितृसत्तात्मक समाज रहेको छ जहाँ महिलाहरु भनेका पुरुषका सहयोगीका रुपमा मात्र चिनिन्छन् ।[11] पुरुषलाई परिवारको मुखिया मानिन्छ र महिलाभन्दा माथिल्लो स्तरको मानिन्छ । यसको अर्थ सामाजिक मूल्य र मान्यताहरु पुरुषहरुका पक्षमा रहेका छन् । महिला हुनुको अर्थ शक्तिहीन हुनु वा शान्त, आज्ञाकारी र सहनशील हुनु हो । यस विपरीत एउटा साँचो पुरुष हुनु महिलाको तुलनामा शक्तिशाली अर्थात बोलक्कड, अरुलाई नियन्त्रणमा राख्न खोज्ने र अरुमा आफ्नो इच्छा लाद्न सक्ने क्षमताको हुनु हो । उदाहरणका लागि, धेरै पुरुष र महिलाहरु जो सार्वजनिक रुपमा यो महिलाहरुको लागि स्वाभाविक

---

[9] NURP Inception report, 2019.

[10] NURP Inception Report, 2019.

[11] https://en.wikipedia.org/wiki/Women_in_Nepal

होइन भन्छन् तिनीहरु नै महिलाहरुको निर्णय क्षमतामा अवरोध खडा गर्दछन्[12] । त्यसै गरी कोही बन्चितिकरणमा परिरहेका छन् भने कोहि बन्चितिकरण गरिरहेका छन् । उदाहरणका लागि, सामाजिक बन्चितिकरण जानाजान गरिएको विभेद, शोषण र विशेष अधिकारको संरक्षण गर्ने प्रयासबाट उत्पन्न हुन्छ । पितृसत्तात्मक समाजको बाहुल्यले महिला, बालबालिका, अपांगता भएका व्यक्तिहरु, दलित लगायत सामाजिक बन्चितिकरणमा परेकाहरु माथि पुरुषको आधिपत्यको निरन्तरता र सामाजिक नियन्त्रणमा बल पुऱ्याएको छ ।[13] प्रदेश सरकारको बेटी पढाउ बेटी बचाओ अभियानका बाबजुद परिवार र समाजमा महिला र छात्राहरुको अवस्थामा सोचे अनुसारको सुधार हुन सकेको छैन ।[14] उदाहरणका लागि, दाइजो प्रथालाई लैंङ्गिक हिँसा र लैंङ्गिक विभेदको प्रमुख कारणको रुपमा मानिन्छ, तर यस विरुद्धका प्रदेश कानून र नीतिका बाबजुद यो प्रथा अझै पनि ठूलो अभिशापका रुपमा रहेको छ ।[15] एक अध्ययनका अनुसार ४० प्रतिशत लैंङ्गिक हिँसाका पिडित महिलाहरु २० देखि २९ वर्ष सम्मका पाइएको छ । हिँसाका कारण महिलाहरु मानसिक, शारीरिक तथा प्रजनन स्वास्थ्य समस्याबाट पीडित छन् । विशेष गरी सीमान्तीकृत वर्गका र गरिव महिलाहरुलाई बोक्सीको आरोप लगाइन्छ र सामाजिक रुपले अपहेलित गरिन्छ । जनकपुरधाम उप-महानगरपालिकामा बीचमा विद्यालय छोडनेको उच्च दर, लैंङ्गिकहिँसा र महिलाहरुको कमजोर राजनैतिक तथा आर्थिक सहभागिताको प्रमुख कारण छिटो अथवा बाल विवाह रहेको छ[16]। महिलाहरू बुर्का लगाएर हिँड्ने र अरुसँग खुलेर कुरा गर्न नसक्ने अवस्था अझै पनि भेट्न सकिन्छ ।[17] जनकपुरधाम उप-महानगरपालिकामा अझै पनि जातीय विभेद व्याप्त छ र दलितलाई अछुतको व्यवहार गरिन्छ र उच्च जात भनिनेका घर तथा पूजास्थलहरुमा प्रवेश गर्न दिँइदैन ।[18]

जनकपुरधाम उप-महानगरपालिकामा साक्षरता एउटा समस्याको रुपमा रहेको छ । यस प्रदेशको साक्षरता दर ४०.९ र मानव विकास सूचकांक ०.४२ रहेको छ जुन नेपालको सबै भन्दा कम हो । तर महिलाहरुको शिक्षाको र साक्षरता दर बढेर ५४ प्रतिशत पुगे पनि पुरुषको (७३ प्रतिशत) को तुलनामा धेरै कम रहेको छ ।[19]

जनकपुरधाम उप-महानगरपालिकामा रहेको पितृसत्तात्मक अभ्यास र दाइजो प्रथाको कारण निजी विद्यालय भन्दा सरकारी विद्यालयमा छात्राहरुको भर्ना दर बढिरहेको छ भने, लैंङ्गिक र सामाजिक मान्यता, घरयासी काममा छोरीको संलग्नता, बाबु आमाको प्राथमिकता छोरीको भन्दा छोराको पढाइमा बढी हुनु आदि कारणले माध्यमिक तहमा पुग्दा केटीहरुको विद्यालय छोड्ने दर नाटकीय ढंगले उच्च हुन पुग्दछ[20]। विद्यालयहरुको संजाल राम्रै भए पनि माथि उल्लेखित सामाजिक वातावरणका कारण छात्राहरुको लागि शिक्षा सहज देखिँदैन ।

यहाँको कुल जनसँख्या मध्ये ९६७ जनामा शारीरिक अपांगता रहेको छ भने लैंङ्गिकहिसाबले महिलाहरुको तुलनामा यहाँ पुरुषहरुमा बढी शारीरिक अपांगता रहेको छ ।[21] यो तथ्यांक सानो देखिएकोले अपांगता भएका सबै व्यक्तिहरु तथ्यांकमा समावेश भएका छैनन् भन्ने सवाल लामो समय देखि कायम रहेको छ ।

[12]https://en.wikipedia.org/wiki/Women_in_Nepal
[13]NURP Janakpurdham GESI/LNOB Assessment Report, 2020, p. 13
[14] NURP Janakpurdham GESI/LNOB Assessment Report, 2020.
[15] NURP Janakpurdham GESI/LNOB Assessment Report, 2020, p. 13
[16]NURP Janakpurdham GESI/LNOB Assessment Report, 2020.
[17]NURP Janakpurdham GESI/LNOB Assessment Report, 2020.
[18] NURP Janakpurdham GESI/LNOB Assessment Report, 2020, p. 13
[19]Periodic plan of Province 2, 2076
[20]NURP Janakpurdham GESI/LNOB Assessment Report, 2020
[21] Integrated Urban Development Project 2017, Janakpurdham.

## ३.३ जनकपुरधाम उप-महानगरपालिकामा लैससासको लागि राजनीतिक इच्छाशक्ति

यस खण्डमा आफ्नो पालिकाको संस्थागत दायरा भित्र लैससास मूलप्रवाहीकरण गर्न र समाजमा लैससासलाई एकीकृत गर्न गरिएका प्रयासबारे चर्चा गरिएको छ । यहाँ पालिकाबाट उपलब्ध गराइएका दस्ताबेजहरु, जस्तै मधेश प्रदेशको लैंङ्गिक समानता नीति[22] र मधेश प्रदेश को लैंङ्गिक हिँसा रणनीतिका बारेमा चर्चा गरिएको छ[23]। यस दस्ताबेजले हाल रहेको विभेद तथा लैंङ्गिक हिँसाको निरन्तरतामा कारक बनेका संस्थाहरु, प्रणालीहरु र वर्गहरु विचको अन्तरसम्बन्धलाई स्पष्टसँग उजागर गर्ने प्रयास गरेको छ । महिला तथा बन्चितिकरण समूहहरुलाई उचित अवसरहरु उपलब्ध गराई तिनमा उनीहरुको पहुँच र सहभागिता अभिवृद्धि गरी उनीहरुको आर्थिक तथा सामाजिक रुपान्तरणसँगै उनीहरुको सशक्तीकरणमा योगदान गर्ने नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा जोड दिइनुपर्दछ। प्रदेश सरकारको स्थापना भए पछिको पहिलो आर्थिक वर्षको प्रगति विवरण आव २०७५/७६ अनुसार प्रदेश सरकारले यस सम्बन्धमा केही महत्वपूर्ण प्रयासहरुको थालनी गरेको देखिन्छ जुन यस प्रकार रहेको छ :

- प्रदेश सरकारले "बेटी पढाओ, बेटी बचाओ" अभियान आठ वटै जिल्लामा संचालन गरेको छ। यसको उद्देश्य छिटो विवाह, विचमा विद्यालय छाड्ने प्रवृत्ति र चाँडो गर्भवती बन्ने समस्याहरुलाई रोक्नु हो । यसबाट महिलाहरुको प्रजनन अधिकार र शिक्षाको अधिकार सम्बोधन भई मानव विकास सूचकांकमा सुधार हुने अपेक्षा राख्न सकिन्छ ।[24] । जउमनपाले दलित छात्राहरुलाई उनीहरुको विद्यालय शिक्षा पुरा होस भनी प्रोत्साहन स्वरुप साइकल वितरण गरेको छ भने यसको अतिरिक्त विद्यालय पोशाक तथा स्टेसनरीको खर्च पनि उपलब्ध गराएको छ ।[25]
- यसै कार्यक्रम अन्तरगतको हरेक जिल्लाको १० वटा विद्यालयमा स्वासथ्यकर्मी उपलब्ध गराउने कार्य पनि सम्पन्न भएको छ।
- आठै जिल्लाका सबै विद्यालयहरुमा छात्राहरुको लागि आत्मनिर्भर तालिम शुरु गरिएको छ ।
- प्रदेश प्रहरी र अन्य सेवाहरुमा दलित, मुस्लिम र जनजातिहरुको लागि आरक्षणको कानूनी व्यवस्था गरिएको छ। यीमध्ये ५० प्रतिशत आरक्षण महिलाहरुको लागि छुट्याइएको छ।
- महिला, दलित, पछाडि पारिएका समूहहरु जस्तै यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्तिहरु र वञ्चितीकरणमा रहेका लघु उद्यमीहरुलाई औद्योगिक उत्पादनमा सहयोग गर्न एउटा छुट्टै कोष स्थापना गरिनेछ । यस्ता समुदायहरुलाई व्यावसायिकता र उत्पादनको बजारीकरण जस्ता विभिन्न विषयका तालिमहरुको लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
- समानुपातिक समावेशिताको सिद्धान्त अनुसार, प्रदेश सरकार तथा राजनैतिक क्रियाकलापहरुमा ५० प्रतिशत सिटको व्यवस्था गरेको छ।
- हानिकारक सामाजिक प्रचलनहरु जस्तै दाइजो, उमेर नपुगी विवाह, अनमेल विवाह, बोक्सी र छुवाछुत र लैंङ्गिक हिँसा विरुद्ध आवश्यक कानूनी व्यवस्था गरिनेछ । यसको अनुगमनको लागि एउटा संयन्त्रको पनि व्यवस्था गरिनेछ ।

## ३.४ लैससास लेखाजोखाबाट निष्कर्षको खोज तथा सुझावहरु

यस खण्डमा केही प्रमुख प्राप्तिहरु र तिनै प्राप्तिका आधारमा ती सवालहरुलाई सम्बोधन गर्न तय गरिएका सुझावहरु प्रस्तुत गरिएका छन् -

१. एनयुआरपी जनकपुरधाम उप-महानगरपालिका लैससास मूल्यांकन प्रतिवेदन २०२०
२. कोभिड २०१९ को सन्दर्भमा गरिएको विस्तृत प्रभाव मूल्यांकन सर्वेक्षण, एनयुआरपी २०२०

[22] Ministry of Social Development, Gender Equality Policy, Province 2, 2076, p. 8.
[23] Proposed Framework for Strategic Action Plan on Prevention of Gender Based Violence Province 2, 2019, p. 13.
[24] Ministry of Social Development, Gender Equality Policy, Province 2, 2076, p. 8.
[25] https://janakpurmun.gov.np/en/news-events?page=5

३. अनौपचारिक क्षेत्र र कोभिडको समयमा महिलाहरुमा परेको प्रभाव मूल्यांकन सर्वेक्षण, UNDP २०२०
४. नेपालमा कोभिड २०१९ को सामाजिक आर्थिक प्रभावको द्रुत मुल्यांकन
प्राप्ति र सुझावहरुको विस्तृत जानकारी अनुसूची १ मा दिइएको छ ।

## उपलब्धिहरू :

- १० प्रतिशत महिलाहरु रोजगार छन् जो विशेष गरी साना उद्योगहरूमा रहेका छन् । कम रोजगारी हुनुका मुख्य कारणहरुमा निरक्षरता, कम उमेरको विवाह र सामाजिक मान्यता र प्रचलनहरु रहेका छन् ।
- जनकपुरधाम उप-महानगरपालिकामा महिला र बन्चितिकरण समूहका मानिसहरु मुख्यातया खेतीपातीमा संलग्न छन् र तिनीहरुको मूख्य भूमिका उत्पादन र बाली भित्र्याएपछि गरिने प्रशोधन क्रियाकलापमा संलग्न हुन्छन् ।
- अध्ययनले के देखाउँछ भने लैंङ्गिक हिँसाबाट पीडित ४० प्रतिशत महिलाहरु २० देखि २९ प्रतिशत रहेका छन् । हिँसाका कारण यी महिलाहरु मानसिक, शारीरिक र प्रजनन स्वास्थ्य समस्याबाट पीडित छन् ।
- महिला तथा बन्चितिकरण समूहका मानिसहरुको आय आर्जन तथा जीविकोपार्जनका प्रमुख तीन वटा अवरोधहरु वित्तीय पहुँचको अभाव, बजारसम्मको पहुँचको अभाव र बजारमा कारोबार हुँदा मूल्यमा हुने विभेद रहेका छन् ।

## सिफारिसहरु :

- भौतिक अवस्थामा सुधार, लैससास तालिम, कर्मचारी भर्ना सम्बन्धी अन्य प्रोत्साहन र कर्मचारीहरुका लागि पुनःअभिमुखीकरण र पुनःनिर्देशन मार्फत लैंगिकमैत्री र समावेशी कार्यस्थल सिर्जना गर्न रोजगारदाताहरुसँग मिलेर काम गर्नुपर्ने ।
- श्रम बजारमा सुनिश्चित खालको आम्दानी हुने रोजगारीको सिर्जना गरी जीविकोपार्जन र सहभागितासँग सम्बन्धित सबै लैंङ्गिक खाडल र असमानता हटाउन काम गर्नुपर्ने, जसबाट उनीहरुको सशक्तीकरणमा योगदान पुग्नेछ ।
- महिला उद्यमीहरु, बन्चितिकरण समूहहरु र अपांगता भएका व्यक्तिहरुका लागि दिग्दर्शनहरु तयार गरी विभिन्न तहमा अन्तरक्रिया कार्यक्रम संचालन गर्नुपर्ने ।
- कम उमेरमा हुने विवाह, दाइजो, विना पारिश्रमिक गरिने हेरचाहको काम, बोक्सीको आरोप र अन्य विभेदकारी प्रचलनहरु सम्बन्धी समस्याहरुको समाधान गर्नमा पुरुषहरुको सहभागिताका लागि उनीहरुलाई प्रोत्साहन गर्ने खालका योजनाहरु बनाउनुपर्ने ।
- कामको लागि नगद कार्यक्रम मार्फत विपदलाई कम गर्न हरित अभियान प्रवर्द्धन गर्नुपर्ने । यसबाट विशेष गरी महिला र बन्चितिकरण समूहहरुले ज्यालाको रुपमा नगद प्राप्त गर्नेछन् ।
- विशेषगरी दैनिक ज्यालादारी गर्नेहरु, जोखिममा रहेकाहरु, बन्चितिकरण समूहहरुलाई जोखिमपूर्ण काम गर्नुपर्ने गरी गरिबीको कुचक्रमा फस्नबाट जोगाउन लैंङ्गि कउत्तरदायी आर्थिक उत्प्रेरणा कार्यक्रमलाई विस्तार गर्नुपर्ने ।

# परिच्छेद ४ : जनकपुरधाम उप-महानगरपालिकाको लैससास रणनीतिको सिंहावलोकन

## ४.१ मूल सिद्धान्तहरु

यस खण्डमा लैससास रणनीतिको मूल सिद्धान्तहरुको चर्चा गरिएको छ । तपशिलका सिद्धान्तहरुले लैससास रणनीति कार्यान्वयनलाई निर्देशित गर्नेछन् ।

**रुपान्तरणको लक्ष्य** : जनकपुरधाम उप-महानगरपालिका दिगो परिवर्तन मानिसहरुलाई समान र स्वतन्त्र किसिमले समाजमा सहभागी हुने क्षमतालाई प्रभाव पार्ने लैंगिक, जातीय, भाषिक, लिङ्गमा आधारित बुझाइ, लिङ्गको आधारमा गरिने विभेदलाई अन्त्य गर्न सहयोग गर्ने नीतिहरु, मान्यताहरु, अभ्यासहरु र संरचनाहरुको रुपान्तरणबाट मात्र प्राप्त हुन सक्दछ भन्ने कुरामा विश्वास गर्दछ ।

**प्रमाणबाट निर्देशित** : जनकपुरधाम उप-महानगरपालिका कार्यक्रम र क्रियाकलापहरु यस क्षेत्रमा भएका वर्षौं सम्मका अनुभव र सिकाइहरुमा आधारित छन् । तिनीहरु लैससाससँग सम्बन्धित अनुसन्धान, नीति र असल अभ्यास विधिहरुबाट प्राप्त सूचनामा आधारित भई निर्माण गरिएका छन् ।

**स्थानीय स्तरबाट हुने समाधानमा विश्वास** : कुनै देश वा समुदायको महिला, छात्राहरु, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु र अन्य बन्चितिकरणका लागि काम गरेको अधार अन्य ठाउँमा सोही प्रकारको प्रभाव नपार्न सक्छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धिको लागि रणनीतिहरु तयार गर्दा लक्षित समूहहरुसँगको छलफलको आधारमा गरिनुपर्छ । जउमनपा संसारभरका अनुभवी कर्मचारीहरुमा विश्वास गर्दछ र यस प्रक्रियालाई सहयोग पुग्ने पछिल्ला प्रमाणहरुलाई उपयोग गर्दछ ।

**सहकार्यको प्रकृति**: जउमनपा के कुराको जानकारी राख्दछ भने सबै तहमा हुने साझेदारी र सहकार्य हानिकारक लैङ्गिक मान्यताहरु, नीतिहरु र प्रचलनहरुमा परिवर्तन ल्याउन आवश्यक नेतृत्व र सहयोगको सुनिश्चितताका लागि महत्वपूर्ण हुन्छन् । सबै प्रकारका बालबालिका, युवा र वयस्कहरुले नै लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अभियानको नेतृत्व लिनुपर्दछ र यसको लागि गर्नुपर्ने कार्यको स्वरुप तयार गर्नुपर्दछ । हामीहरुले लाभग्राहीहरुको कुरा सुन्नुपर्दछ र उनीहरुको अनुभवको आधारमा लैंङ्गिक रुपान्तरणको कार्यको आधारशिला तयार गर्नुपर्दछ ।

**अधिकारमा आधारित र दोषमुक्त** : लैससास एउटा मानव अधिकार हो, यो विना महिला, छात्राहरु र अन्य बन्चितिकरण समूहहरुले समाजमा स्वतन्त्रतापूर्वक सहभागी हुन सक्दैनन् र तिनीहरुले आफ्नो जीवन र शरीरलाई आफ्नो नियन्त्रणमा राख्न सक्दैनन् । जनकपुरधाम उप-महानगरपालिकाले लैससास सम्बन्धी कार्यले मानव अधिकार र लैङ्गिक समानताको प्रवर्द्धनमा सहयोग पुऱ्याउनु पर्दछ, गोपनियतालाई कायम राख्नु पर्दछ र सम्मान गर्नुपर्दछ, यो दोषमुक्त हुनुपर्दछ, यसले संस्कृतिको सम्मान गर्नुपर्दछ, र मर्यादा, विविधता र समानताको सम्मान गर्नुपर्दछ भन्नेमा विश्वास गर्दछ । जुनसुकै उमेर, जात, आर्थिक अवस्था, क्षमता, हैसियत, लिङ्ग, लैङ्गिक पहिचान वा लैङ्गिक चरित्रको भए पनि हरेक व्यक्ति समान ढंगले सम्मानित छ ।

## ४.२ परिवर्तनको सिद्धान्त (Theory of Change)

### परिणाम

स्थानिय सरकारको हरेक स्तरको प्रणाली निर्माणमा लैससास प्रतिको क्षमतालाई संस्थागत र सुनिश्चित गर्नु

सीमान्तकृत र बन्चितिकरण समूहहरू निर्णय गर्ने र लिने क्षमताको विकास ,सहभागितामा वृद्धि, आधारभूत सेवाहरुमा पहुच र सकारात्मक सोच र कार्य प्रतिको जागरुकता

### प्रभाव

महिला र सीमान्तकृतहरुले आफ्नो मानव अधिकार, लैङ्गिक समानता, समावेशीकरण, विविधताको आभाष, प्रयोग, र महसुस गर्दै दिर्घकालिन सामाजिक, आर्थिक, र राजनैतिक विकासमा टेवा पुर्याउनु

### प्रतिफल

लैससास सम्बन्धि ज्ञान र कौसलताको अभिवृद्धि मुख्य प्रवाह क्षेत्र, कार्यक्रमहरु, दृष्टिकोणमा

लैससासका योजना, कार्यक्रम निर्माण र बित्तिय प्रणाली प्रतिको उत्तरदायित्व र क्षमतामा विकास र सुधार

लैंङ्गिक विभेद र आर्थिक सशक्तिकरणलाई सम्बोधन गर्ने परिष्कृत क्षमताको कार्यक्रमहरूको प्रतिरुप बनाई कार्यान्वयन गर्ने

सहकार्य र सहयोगका साथ काम गर्ने वातावरणको सिर्जना र सक्षमताको विकास

### लगानी

श्रोतहरु: मानव श्रोत, प्राविधिक श्रोत, बित्तिय श्रोत

**संगठनात्मक:** लैससास सम्बन्धि संवेदनशील नीतिहरू र अभ्यासहरूको प्रावधान

क्षमता: संस्थागत र सामुदायिक क्षमतामा वृद्धि गराउनु

परिचालन: हरेक स्तरमा लैससासको मूल प्रवाह

### समस्या

आर्थिक, राजनीतिक तथा सामाजिक क्षेत्रमा पहुच नहुनु

लैंङ्गिक तथा जातीय विभेद बढाउने खालका परम्परागत मूल्य र मान्यता कायम हुनु र लैगिक हिसाब कायम हुनु

सूचना प्रबिधि र सम्पतिमा कम पहुच हुनु महिला र बन्चितिकरण मा सहभागी हुने, कुनै अवसरमा योगदान पुर्याउने र त्यसबाट लाभ लिन सक्ने

### अवरोध

महिला र पुरुष, धनि र गरिब, माथिल्लो जात र तल्लो जात बिचको असमान शक्ति सम्बन्ध

महिला र सिमान्तकृतहरु संग अपर्याप्त सूचना

योजना तर्जुमा र निर्णय प्रक्रियामा सहभागिताको कमि

संस्थागत रुपमा लैससासको कम सम्बोधन भएको

लैससास मूल प्रवाहिकरणको लागि क्षमताको कमि

### रणनीति

लैससासका योजना, कार्यक्रम र वित्तीय समावेशीकरणलाई मुलधारमा राख्ने

लैससास सम्बन्धि प्रणाली निर्माण गरि बलियो बनाउनु

महिला उद्यमशीलताको सशक्तिकरण र प्रबर्दनका साथसाथै लैंङ्गिक हिंसा निर्मुल गर्नु

लक्षित समूहको आधारभूत सेवाहरु प्रतिको पहुच र उपयोगिताको सुनिश्चितता

संस्थागत संयन्त्रलाई प्रवाभकारी र कुशल बनाउन

*चित्र ३ : जनकपुर उप-महानगरपालिका रणनीतिको लागि परिवर्तनको सिद्धान्त*

**रणनीतिहरु :**

१. योजना तर्जुमा, कार्यक्रम निर्माण र बजेट निर्माण गर्दा लैससास मूलप्रवाहीकरण गर्ने ।
२. लैससास प्रणाली बलियो बनाउने ।
३. महिलाहरुको आर्थिक सशक्तीकरण को प्रवर्द्धन गर्ने र लैंङ्गिकहिँसा कम गर्ने ।
४. आधारभूत सेवामा लक्षित समूहहरुको पहुँच सुनिश्चित गर्ने ।
५. संस्थागत संयन्त्रहरुको प्रभावकारिता वृद्धि गर्ने ।

**लगानी :**

१. स्रोतहरु : मानवीय, प्राविधिक र बजेट ।
२. संचालन : सबै तहमा लैससास मूलप्रवाहीकरण ।
३. क्षमता : संस्थागत र समुदाय तहमा क्षमता विकास ।
४. संगठनात्मक : लैससासप्रति सम्बेदनशील नीति र अभ्यासहरुको प्रावधान ।

**प्रतिफल :**

१. सबै क्षेत्र, कार्यक्रम र पद्धतिहरुमा लैससास मूल प्रवाहीकरण सम्बन्धी ज्ञान र क्षमतामा वृद्धि ।
२. लैससास-उत्तरदायी योजना, कार्यक्रम र बजेट निर्माण गर्ने क्षमताको विकास ।
३. लैंङ्गिक हिँसा र आर्थिक सशक्तीकरणको लागि लैससास उत्तरदायी योजना, कार्यक्रमको डिजाइन र कार्यान्वयन गर्ने क्षमताको विकास
३. सहकार्य र साझेदारीमा काम गर्न सहयोगी वातावरणको निर्माण ।

**नतिजा :**

१. लैससासको संस्थागत र प्रणाली विकास गर्ने गरी स्थानीय सरकारको क्षमता विकास भएको हुने ।
२. आधारभूत सेवासम्मको पहुँच र सकारात्मक क्रियाकलाप मार्फत क्षमता विकास भई सीमान्तीकृत तथा बन्चितिकरण समूहहरुको सहभागितामा वृद्धि भएको हुने ।

**प्रभाव :**

दिगो सामाजिक, आर्थिक र राजनीतिक वृद्धि जहाँ महिला र सीमान्तीकृतहरु आफ्नो मानव अधिकारको महशुस गर्छन र लैंङ्गिकसमानता, समावेशीकरण र विविधताको आनन्द लिन्छन् ।

यो परिवर्तनको सिद्धान्तको अपेक्षित प्रभाव जनकपुरधाम उप-महानगरपालिकाको नीति र कार्यक्रममा लैससास एकीकृत हुनु हो । मूख्य लक्ष्य भनेको महिला, बन्चितिकरणामा परेकाहरु, युवा, अपांगता भएका व्यक्तिहरु, यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरु र बन्चितिकरणको उच्च जोखिममा रहेकाहरुको सशक्तीकरण गर्नु हो । यस सम्बन्धमा मापनयोग्य र हासिल गर्न सकिने रणनीतिहरुमार्फत लैंङ्गिक तथा सामाजिक बन्चितिकरणका चुनौतीहरु सम्बोधन गर्न यो परिवर्तनको सिद्धान्त विकास गरिएको हो । यो परिवर्तनको सिद्धान्तमा ७ चरणहरु रहेका छन् र यसलाई चित्र नं. २ मा हरेक पक्षसहित चित्रण गरिएको छ ।

## ४.२.१ समस्याको पहिचान

*लैंङ्गिकहिंसा रोकथाम सम्बन्धी मधेश प्रदेशको लैंङ्गिक समानता नीति र रणनीतिक कार्ययोजना*[26] ले मधेश प्रदेश मा रहेका लैंङ्गिक विभेद लगायतका केहि प्रमुख सामाजिक साँस्कृतिक समस्याहरुको पहिचान गरेको छ । उदाहरणको लागि

[26]Gender Based Violence.

शिक्षामा पहुँचको कमी, राजनीतिक पहुँचको कमी, कम उमेरको विवाह र बालविवाह, दाइजो प्रथा, महिला विरुद्धको लैंङ्गिकहिँसा आदि छन् । त्यसै गरी एनयुआरपी ले गरेको लैससास अध्ययन अनुसार लैंङ्गिकमा उच्च जातका भनिएकाहरुले जातीय विभेद, दलित भनिएकाहरुलाई आफ्नो घर प्रवेशमा रोक लगाउने जस्तो अछुतको व्यवहार अझै पनि  विधमान रहेको देखाएको छ । महिला, दलित तथा अन्य बन्चितिकरण समूहहरुमा आर्थिक अवसरको कमी, ऋण तथा वित्तीय पहुँचको कमी, बजारसम्मको पहुँचको कमी, सूचना प्रविधिसम्मको पहुँचको कमी र उत्पादनको साधन (जमिन, पानी र पैसा) मा पहुँचको कमी रहेको पहिचान गरेको छ । संविधान र राष्ट्रिय नीतिहरु यी चुनौती सम्बोधन गर्ने गरी तयार गरिएता पनि स्थानीय तहमा यि सवालहरु अझै पनि प्रमुख रुपमा रहेका छन् ।

## ४.२.२ परिवर्तनका लागि अवरोधहरु

माथि उल्लेखित सवालहरुलाई पुरुषहरुको परम्परागत भूमिकाले अझ खराब स्थितिमा पुऱ्याई दिएका छन् र कठोर पितृसत्तात्मक प्रणालीले यसलाई निरन्तरता दिन सहयोग पुऱ्याएको छ । उदाहरणको लागि गाउँ देखि सहरसम्म महिलाहरुको लैंङ्गिक भूमिका र समयको उपयोग खाना पकाउने, सरसफाई गर्ने, गाईवस्तु हेरचाह, घरपरिसरको सरसफाई, बालबच्चा र बुढापाकाहरुको हेरचाहको जिम्मेवारीमा सिमित रहेको छ । अर्को तिर पुरुषहरुको मूख्य जिम्मेवारीहरु परिवारलाई आर्थिक व्यवस्था मिलाउने, घर भन्दा बाहिर काम गर्ने, बजारमा गई किनमेल गर्ने, वडा तहको बैठकहरुमा सहभागी हुने मानिएको छ ।[27] यस प्रकारले प्रमुख चुनौती भनेको परम्परागत लैंङ्गिक भूमिकालाई निरन्तरता दिन सहयोग गर्ने प्रवृत्ति र व्यवहारलाई सम्बोधन गर्नु रहेको छ । उदाहरणको लागि अझै पनि जनकपुरधाम उप-महानगरपालिकामा सम्पत्ति र स्रोतहरु माथिको पहुँच र नियन्त्रण पुरुषहरुकै पक्षमा रहेको छ । सन् २०२० मा सुदृढ एनयुआरपिले गरेको लैससास अध्ययन अनुसार उत्पादनका साधनहरु जस्तै पूँजी, पशुपंछी, जमिन, बजार, व्यवसाय, उद्यमहरुबाट प्राप्त आम्दानीमा पुरुषहरुका नियन्त्रण रहेको पाइएको छ भने केहि समुदायहरुमा महिलाहरुलाई कम मूल्यका केहि वस्तुमा पहुँच भए पनि व्यवसायमा भने पहुँच छैन ।

यसै गरी जनकपुरधाम उप-महानगरपालिकामा रहेका मुसहर जस्ता बन्चितिकरण समुदायको समाजको सबै तहमा हुने योजना तर्जुमा वा निर्णय प्रक्रियामा ज्यादै कम सहभागिता हुने गरेको छ । यसको अर्थ धेरै थौरैले मात्र सार्वजनिक तथा सामुदायिक जमघटमा सहभागी हुन्छन् । यस्तो किन हुन्छ भने लैंङ्गिक सवालहरु, शक्ति सम्बन्ध, लैंङ्गिक समानता, र मर्यादित ढंगले बाँच्न पाउनु, विभेद, हिँसा र दवाब विना बाच्न पाउनु उनीहरुको अधिकार हो भन्ने बारेमा धेरै जसो पछाडि पारिएका समूहहरुसँग सिमित ज्ञान, बुझाई र जानकारी रहेको हुन्छ । त्यसैले उनीहरुसँग पूँजी, स्रोत साधनहरु, लगानीको अधिकार, शिक्षा, उपयुक्त र पर्याप्त सिप, र निर्णय गर्न सक्ने आत्मविश्वासको कमी रहेको हुन्छ ।[28].

यसको अतिरिक्त, एउटा महत्वपूर्ण कुरा के हो भने जउमनपा एउटा तिव्र रुपमा सहरीकरण भै रहेको सहर हो । सहरको रुपमा परिभाषित भैरहँदा जउमनपा अन्तरगत यस्ता वडाहरु पनि छन् जुन ग्रामीण चरित्रका छन् । त्यसैले ग्रामीण सहरी सम्बन्ध जनकपुरधाम उप-महानगरपालिकामा सजिलै देख्न सकिन्छ । अलि बढि सहरीकरण भएको क्षेत्रमा महिलाहरुको बजार, सडक, पानी सरसफाईको सुविधाको साथै संस्थाहरुसम्मको पहुँच रहेको छ भने उपमहानगरपालिका क्षेत्र भित्रकै केहि स्थानहरुमा महिलाहरुले सो सुविधा भोग गर्न पाउँदैनन् । त्यति मात्र होइन लैंङ्गिकमैत्री पूर्वाधारको कमी, कडा सुरक्षा प्रावधानहरुको कमी र लैंगिकमैत्री पूर्वाधारको कमीले महिलाहरुले सुरक्षा चुनौती पनि सामना गर्नुपर्ने अवस्था रहेको छ । सहरी गरिव महिलाहरुका प्रमुख अवरोधहरु यिनै रहेका छन् ।

## ४.२.३ अवरोधहरु सम्बोधन गर्न तय गरिएका रणनीतिहरु :

१. नीति, रणनीति, कानून, योजना, कार्यक्रम र बजेटमा लैससास मूलप्रवाहीकरण गर्ने ।
२. लैससास प्रति उत्तरदायी हुने गरी लैससासको संस्थागत संयन्त्र सबल बनाउने र त्यसलाई क्रियाशिल बनाउने ।
३. दिगो आर्थिक विकासको लागि महिलाको आर्थिक सशक्तीकरण प्रवर्द्धन गर्ने र लैंङ्गिकहिँसाको सम्बोधन गर्ने ।

[27]NURP GESI/LNOB AssessmentJanakpurdham, 2020, p. 13.
[28]NURP GESI/LNOB Assessment Janakpurdham, 2020

४.आधारभूत सामाजिक सेवामा सबै लक्षित समूहहरुको समान पहुँच सुनिश्चित हुने गरी लक्षित कार्यक्रमहरु प्रवाह गर्ने।

## ४.२.४ प्रभाव, असर, प्रतिफल र लगानी

यस खण्डमा अपेक्षित प्रभाव, असर, प्रतिफल र लगानी संक्षिप्त रुपमा वर्णन गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण परिच्छेद ५ मा रहेको छ।

समग्र प्रभाव भनेको दिगो सामाजिक, आर्थिक र राजनीतिक वृद्धि जहाँ महिला र सिमान्तकृतहरु आफ्नो मानव अधिकारको महशुस गर्छन र सबै (राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक) क्षेत्रमा समानताको आनन्द लिन्छन्।

माथिको खण्डमा उल्लेख भए अनुसार परिवर्तनको सिद्धान्तले २ वटा असरहरुको पहिचान गरेको छ :

- लैससासलाई संस्थागत र प्रणालीको विकास गर्ने गरी स्थानीय सरकारसँग विकसित क्षमता। यसमा प्रभावकारी शासन र लैससास मूलप्रवाहीकरण गर्ने राजनीतिक इच्छा शक्ति समावेश भएको छ।
- क्षमता विकास, आधारभूत सेवाहरुमा पहुँच र सकारात्मक कार्यको माध्यमद्वारा निर्णय प्रक्रियामा बन्चितिकरण समुदायहरुको सहभागिता अभिवृद्धि। यसमा सकृय नागरिक सहभागिता, सबै आवश्यकता सम्बोधन गर्ने नीति, प्रणाली र सेवाहरु समाविष्ट छन्।

प्रतिफलहरु :

- सबै क्षेत्रका कार्यक्रम र विधिहरुमा लैससास मूल प्रवाहीकरण गर्न ज्ञान र सिपको वृद्धि
- लैससास उत्तरदायी योजना, कार्यक्रम र बजेट निर्माण गर्ने क्षमता विकास
- महिला र बन्चितिकरणमा परेकाहरुको सहरी उत्थानशिलता प्रवर्द्धन गर्न लैंङ्गिक हिँसा र आर्थिक सशक्तीकरण सम्बोधन गर्न लैससास उत्तरदायी योजना, कार्यक्रमको डिजाइन र कार्यान्वयन गर्ने क्षमता
- लैससास सवालहरु सम्बोधन गर्न सार्वजनिक, निजी, नागरिक र समुदायमा आधारित संस्थाहरुको सहकार्य र साझेदारीमा काम गर्न सहयोगी वातावरण निर्माण हुने।

# परिच्छेद ५ : रणनीतिको कार्यान्वयन

## ५.१ रणनीतिको कार्यान्वयन

यस दस्ताबेजले जनकपुरधाम उप-महानगरपालिकाको २०२२ देखि २०२६ सम्मको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) रणनीतिहरु प्रस्तुत गर्दछ । यस रणनीतिसँगै जनकपुरधाम उप-महानगरपालिका हरेक क्रियाकलापमा लैससास आवद्ध भएका हुनेछ र जनकपुरधाम उप-महानगरपालिकामा कार्यरत संघसंस्थाहरु वा निकायहरुले असमानता र बन्चितिकरणमा कमी ल्याउन सहयोग गर्नेछ । यस दस्तावेजले जनकपुरधाम उप-महानगरपालिकाका कर्मचारीहरुलाई लैससासको मूलप्रवाहीकरण गर्न रणनीतिक मार्गदर्शन प्रदान गर्दछ। **लैससासको मूलप्रवाहीकरण प्रभावकारी शासन, सक्षम सेवा प्रवाह, पर्याप्त वित्तीय व्यवस्था र राजनीतिक प्रतिवद्धता** का साथै फराकिलो नीति र संस्थागत खाका भित्र लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवालहरु सम्बोधन गरेर प्राप्त हुन्छ।[29] रणनीति (२०२२ देखि २०२६) बन्चितिकरण समूहहरुको आफ्नो समाजलाई योगदान गर्न सक्ने गरी सशक्तीकरण नभए सम्म दिगो मानव विकास सम्भव छैन भन्ने मान्यतामा आधारित छ। यस सन्दर्भमा रणनीतिहरुको कार्यान्वयनका लागि यस दस्तावेजले लक्षित समूहहरुको पहिचान गर्दछ।

रणनीतिलाई कार्यान्वयनमा ल्याउन सामाजिक विकास विभागले एउटा वार्षिक कार्ययोजना निर्माण गर्नेछ र हरेक आर्थिक वर्षको शुरुवातमा यसमा सहमति गरिनेछ। कार्ययोजना अन्तरगतका क्रियाकलापहरुलाई रणनीतिका उद्देश्य अनुसार अनुगमन गरिनेछ।

आर्थिक वर्षको अन्त्यमा सामाजिक विकास विभागद्वारा क्रियाकलापहरुको मूल्यांकन गरिनेछ र यसबाट प्राप्त सिकाईलाई ध्यानमा राखी अर्को आर्थिक वर्षको लागि नयाँ कार्ययोजना तयार गरिनेछ।

## ५.२ लक्षित समूहहरु


यस अघि वर्णन गरिए अनुसार जनकपुरधाम उप-महानगरपालिकामा सामाजिक बन्चितिकरण विभिन्न तत्वहरुबाट निर्धारित छन् । तिनमा (क) लैंगिकता (ख) गरिवी (ग) जात, जाती, धर्म, भाषा, सम्पती (घ) शारीरिक र मानसिक अस्वस्थता लगायतका अपांगता भएका पर्दछन् । त्यसबाहेक केहि समूहहरुले परिस्थितिजन्य जोखिम सामना गर्दछन् जसमा (क) उमेर विशेष (ख) विपद् प्रभावित क्षेत्रको बसोबास (ग) रोजगारीको अवस्था रहेका छन् । यी तत्वहरु विचको अन्तरक्रिया वा सम्बन्धबाट थुप्रै संकटासन्नता र जोखिम उत्पन्न हुन्छन् । तिनीहरु एकैचोटी आए भने संकटासन्नता र जोखिम धेरै गुणाले बढ्दछ। उदाहरणको लागि लैंङ्गिक हिँसाको कारण महिलाहरु प्राकृतिक विपदको समयमा झन ठूलो जोखिममा पर्दछन् भने गरिव दलित परिवारहरुले आधारभूत सामाजिक सेवाहरु प्राप्त गर्न प्रयास गर्दा सामाजिक विभेद र वित्तीय अवरोधहरुको सामना गर्नुपर्दछ। सामाजिक बन्चितिकरणका यि निर्धारक तत्वहरुले यस रणनीतिका प्राथमिक लक्षित समूहहरुको बारेमा जानकारी दिएको छ।

**तालिका ३ : लक्षित समूहहरु र निर्धारणका आधारहरु**

| **लक्षित समूह** | जात/जाती | धर्म | भाषा | **अपांगता** | **सम्पत्ति** |
|---|---|---|---|---|---|
| | | | | | |

[29] A Common Framework for Gender Equality & Social Inclusion, GESI Working Group, 2017: Gender Equality and Social Inclusion Working Group, International Development Partners Group, Nepal.

| | | | | | |
|---|---|---|---|---|---|
| बन्चितिकरण/सीमान्तीकृत :<br>क) लैंङ्गिक<br>ख) गरिवीमा आधारित,<br>ग) जात, जाती, र धर्म, भाषा,<br>घ) अपांगता भएका व्यक्तिहरु<br>संकटासन्नतामा रहेकोहरु :<br>क) उमेरसँग सम्बन्धित (बालबालिका, युवा, र पाका उमेरका मानिसहरु)<br>ख) विपदबाट प्रभावित क्षेत्रमा वसोबास गर्ने जनसंख्या<br>ग) रोजगारी गुमाउनेहरु<br>घ) सम्पतिमा आधारित (भूमिहिन, सहरी गरिव) | दलित, आदिवासी, जनजाती | मुस्लिम र अन्य गैर हिन्दुहरु | गैर नेपाली भाषाहरु | शारीरिक र मानसिक अस्वस्थता | भूमिहिन र सहरी गरिव |




*चित्र ४ : जनकपुरधाम उप-महानगरपालिका लक्षित समूहहरु*

## ५.३ लैससास/एलएनओवि मूलप्रवाहीकरणको लागि सिफारिश गरिएको संस्थागत व्यवस्था

लैससास रणनीति कार्यान्वयनको लागि पालिकामा विभिन्न शाखा/विभाग देखि वडासम्म सबै तहमा उपयुक्त संस्थागत

व्यवस्थाको आवश्यकता पर्दछ ।

### ५.३.१ नगरपालिकाको सामाजिक विकास विभाग देखि वडा तहसम्म स्रोत सुनिश्चितता

लैससास रणनीतिको सफल कार्यान्वयनको लागि स्रोतको लगानी विशेषगरी पर्याप्त मात्रामा कर्मचारी र वित्तीय स्रोतका आवश्यकता पर्दछ। स्थानीय तहमा सामाजिक विकास विभागले प्राविधिक हिसाबले नेतृत्व र लैससास रणनीतिको समग्र समन्वय गर्नेछ । शाखा, विभाग र वडा तहमा समेत सहायता कक्षको व्यवस्था सहितको सामाजिक विकास विभाग जनकपुरधाम उप-महानगरपालिका समानता सम्बन्धी कार्यको समन्वय केन्द्रको रुपमा रहने छ ।

### ५.३.२ लैससास सम्पर्क व्यक्तिको नियुक्ति

नगरपालिकाको सबै तहमा लैससास रणनीति विस्तार गर्न र लैससासको मूलप्रवाहीकरण सुनिश्चित गर्न पालिकाको सबै शाखा लगायत वडाहरुमा समेत लैससास फोकल पर्सन/व्यक्ति तोकिनेछ । लैससास फोकल पर्सनहरु लैङ्गिक समानता तथा सामाजिक समवेशीकरणको लागि काम गर्न तिव्र इच्छा भएका हुनेछन् र तिनीहरु लैससास सम्बन्धी तालिम प्राप्त गरेका र लैससासका सवालमा आधिकारिक व्यक्ति हुनेछन्। तिनीहरुलाई आवश्यक परेको बेलामा लैससास सम्बन्धी पैरवी गरेवापत थप भत्ता वा प्रोत्साहन रकम उपलब्ध गराइनेछ। यो कुरा सुनिश्चित गर्ने जिम्मा सामाजिक विकास विभाग वा माथिल्लो अधिकारीको हुनेछ। यसको अतिरिक्त आवश्यक परेको बेलामा ति फोकल पर्सनहरुलाई प्राविधिक सहयोग पनि सामाजिक विकास विभागद्वारा उपलब्ध गराइनु पर्दछ । यि लैससास फोकल पर्सन/व्यक्तिहरुलाई समय समयमा आवश्यक तालिमहरु उपलब्ध गराइने छ र एउटा नगरस्तरीय र वडास्तरीय लैससास समितिपनि गठन गर्ने ।

स्थानीय तहको योजना निर्माण गर्दा लक्षित समूहहरुको आधारभूत आवश्यकता के हुन्, सवालहरु के हुन्, क्षमता के छ, स्रोतहरुमा तिनीहरुको पहुँच र नियन्त्रणको अवस्था कस्तो छ र निर्णय प्रक्रियामा तिनीहरुको प्रभाव कस्तो छ आदि बुझ्नु अत्यन्त आवश्यक हुन्छ।
लैससासको क्षेत्रमा काम गर्ने निकायहरु, समूहहरु र व्यक्तिहरुका सवालहरु विश्लेषण गरिएको छ र तिनीहरुको चाख पनि बुझिएको छ भन्ने सुनिश्चित गर्न सरोकारवाला विश्लेषण पनि आवश्यक हुन्छ। यस्ता अध्ययनहरुले स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा जगको काम गर्दछ।
योजना तर्जुमको क्रममा लिंग, जाजाती, भूगोल, आम्दानीसँग सम्बन्धीत खण्डीकृत तथ्यांक पनि सँगै हुनुपर्दछ। आदर्शको हिसाबले हरेक चरणको योजना तर्जुमाको क्रममा लक्षित समूहको आवाजहरु सुनिएको, अनौपचारिक छलफल र व्यस्थित दुबै छलफलको माध्यमद्वारा योजनामा प्रभाव पार्न सबैले समान अवसर पाएको सुनिश्चित गर्नुपर्दछ।

*Ref: A Common Framework for Gender Equality & Social Inclusion, GESI Working Group, 2017: Gender Equality and Social Inclusion Working Group, International Development Partners Group, Nepal.*

### ५.३.३ लैससास सम्बन्धी दक्षता विकास

सुदृढ(नेपाल अर्वन रेजिलियन्स प्रोग्रामको २०२० को अध्ययन प्रतिवेदनको एउटा उपलब्धि के थियो भने लैससास सम्बन्धी समग्र क्षमता विकास सरकारको सबै तहमा गरिनु आवश्यक छ । यसमा बल पुऱ्याउन सबै नयाँ कर्मचारीहरुलाई लैससास फोकल पर्सनद्वारा लैससास तालिम उपलब्ध गराइने छ। हालको कर्मचारीको हकमा मिश्रित खालको तालिमको व्यवस्था गरिनेछ। उदाहरणको लागि कार्यस्थलमा आयोजना गरिने कार्यशाला र लैससास सम्बन्धी अनलाइन मूल्यांकन तालिम आदि हुन सक्छन् । यो लैससास अध्ययन सामग्री सामाजिक विकास शाखाको नेतृत्वबाट समय समयमा अध्यावधिक गरिनेछ ।

“कसैलाई पनि पछाडि नछोड” दिगो विकास लक्ष्यको एउटा आधारभूत सिद्धान्त हो । यो घोषणालाई अनुमोदन गर्दै सबै देशहरुले यसमा प्रतिवद्धता जनाएका छन् र आत्मसम्मान मानिसको आधारभूत कुरा हो भनेर मानेका छन् ।

*Ref:https://action4sd.org/wp-content/uploads/2018/01/BOND.LeaveNoOneBehind.pdf*

### ५.३.४ वार्षिक कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा लैससासको समावेशीकरण

लैससास रणनीतिको सफल कार्यान्वयन आवश्यकता अनुसारको बजेटको व्यवस्था भएको छ छैन भन्नेमा भर पर्दछ । त्यसैले नगरपालिकाको सामाजिक विकास विभागले नगरको योजना तर्जुमा प्रक्रियाको क्रममा लक्षित समूहको हितको लागि कार्यक्रम तथा क्रियाकलापहरुतर्फ उचित ध्यान दिने कुरा सुनिश्चित गर्न नेतृत्व लिनुपर्दछ ।

### ५.३.५ महत्वपूर्ण गतिविधिहरुको मापन

जउमनपाले लैससासको क्षेत्रमा गरेका कामहरुको बलियो प्रमाण तयार गर्न, भैरहेका सिकाइहरुको प्रवर्द्धन गर्न र उपलब्धिहरुलाई प्रष्ट पार्न अर्थपूर्ण तथ्यांक संकलन महत्वपूर्ण हुन्छ। लैससास गतिविधिहरुको अनुगमन तथा मूल्यांकन सुधार गर्न, लैससासको रुपान्तरण, सिकेका पाठहरु बाँड्न, **उमेर, लिङ्ग र जातमा आधारित नियमित तथ्यांक संकलन** गर्न सहकार्यको लागि लैससास टोलीले अनुगमन तथा मूल्यांकन विभागसँग मिलेर काम गर्नेछ । शुरुमा यसले यस कार्यान्वयन योजनाको अुनगमन तथा मूल्यांकन खाकालाई अन्तिम रुप दिन र यथार्थपरक परिमाणात्मक लक्ष्य निर्धारण गर्न काम गर्नेछ। नियमित रुपमा गरिने लैससास गतिविधिहरुको आवधिक मूल्यांकनले कुन कुन कामलाई निरन्तरता दिने र कुन कुन कामलाई निरन्तरता नदिने भन्ने कुरा जान्न सहयोग गर्दछ।

## ५.४ लैससास रणनीतिका मुख्य उद्देश्यहरु

पछिल्ला केहि वर्षहरुमा लैङ्गिक समानता तथा सामाजिक समवेशीकरण केवल मानव अधिकार र सामाजिक न्यायको विषयहरु मात्र होइन की यो गरिवी निवारण, हिँसाको समाधान, उत्थानशिल अर्थतन्त्र र दिगो विकास प्राप्तीको लागि एउटा पूर्वशर्त पनि हो भनी मानिएको छ।

हाल रहेका खाडलहरु पुर्न र विकासको पहलमा कोहि पनि छुटेका छैनन् भन्ने सुनिश्चित गर्न जउमनपाले यस लैससास रणनीतिलाई सबै तहको कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन तथा मूल्यांकनमा समेत ध्यान दिने कुरा सुनिश्चित गर्नेछ। तल उल्लेख भएका रणनीति, हस्तक्षेप, कार्यक्रमहरु र क्रियाकलापहरुले स्थानीय तहमा लैससास मूलप्रवाहीकरण गर्न सहयोग गर्नेछ।

*तालिका ४ : उद्देश्य, प्रतिफल र लगानी सहित जउमनपा-लैससास रणनीति*

| *जउमपा-लैससास रणनीति* | | | |
|---|---|---|---|
| उद्देश्य १ | उद्देश्य २ | उद्देश्य ३ | उद्देश्य ४ |

| | | | |
|---|---|---|---|
| नीति, रणनीति, कानून, योजना, विधि, कार्यक्रम र बजेटमा लैससास मुल प्रवाहीकरण गर्नु | लैससासप्रति उत्तरदायी भएको सुनिश्चित हुनेगरी र क्रियाशिल हुने गरी लैससासको संस्थागत संरचनाहरुलाई सबल बनाउनु | सबैको दिगो आर्थिक वृद्धि, महिला र किशोरीहरु विरुद्धको हिँसा अन्यत्यको लागि महिला तथा बन्चितिकरणमा परेका समूदायहरुको आर्थिक सशक्तीकरण गर्नु | गुणस्तरीय आधारभूत सेवाहरुमा समान पहुँच र उपयोग सुनिश्चित हुने गरी महिला र बन्चितिकरणमा परेका समूदायहरुको विशिष्ट आवश्यकता पुरा गर्न लक्षित कार्यक्रमहरु संचालन गर्नु |

| **रणनीतिक उद्देश्य १ : नीति, रणनीति, कानून, योजना, विधि, कार्यक्रम र बजेटमा लैससास मुल प्रवाहीकरण गर्नु** | |
|---|---|
| **असर १.१ : लैससास लेखाजोखा र विश्लेषण स्थानीय तहको नीति, योजना र बजेट चक्रमा संस्थागत भएको हुने ।** | |
| **प्रतिफलहरु** | लगानी |
| लैससास लेखाजोखा र विश्लेषणको लागि प्रमाणमा आधारित विधि र प्रक्रियाको विकास भएको हुने । | स्थानीय तहमा नीति, योजना, कार्यक्रम र बजेट निर्माण र विकासमा लैससास लेखाजोखा र विश्लेषणको लागि कार्यविधिहरुको तयारी र संस्थागत गर्ने |
| | जटिल खालको खाडलहरु भएका ठाउँहरुमा लैससास सम्बन्धी प्रमाणहरु संकलन गर्ने र यि प्रमाणहरुलाई नीति, रणनीति, कानून, प्रणाली सवलीकरण, योजना र कार्यक्रम बजेटमा समेत उपयोग गर्ने । |
| | लैससास सम्बन्धी आवश्यक खण्डीकृत तथ्यांक संकलन गर्न सूचना प्रणालीलाई सवल बनाउने |
| लैससास प्रमाण, लेखाजोखा र विश्लेषणका लागि सबै तहमा दक्षता र माग वृद्धि भएको हुने | स्थानीय तहमा लैससासको मूल प्रवाहीकरणको लेखाजोखा र विश्लेषणको लागि आवश्यक दक्षताको पहिचान गर्ने |
| | सबै तहमा लैससास लेखाजोखा र विश्लेषणको लागि क्षमताको विकास गर्ने । |
| **असर १.२ स्थानीय तहको नीति, योजना र बजेट चक्रमा लैससास मूलप्रवाहीकरण भएको हुने ।** | |
| **प्रतिफलहरु** | लगानी |
| नीतिहरु, रणनीतिहरु, योजनाहरु, मानकहरु, प्रणालीहरु, संरचनाहरु कार्यक्रमहरु र बजेटहरु लैससास मूलप्रवाहीकरण भएको हुने | सबै क्षेत्र र तहमा कानूनी, नीतिगत र कार्यक्रमगत रुपमा समेटिएका महिलाहरु, पुरुषहरु, छात्राहरु, छात्रहरु, बन्चितिकरणमा परेकाहरु, जोखिममा रहेका मानिसहरु र अरु कोहि सिमान्तकृत समूहहरुको आवश्यकताहरु, समस्याहरु, सवालहरु र क्षमताहरुको लेखाजोखा गर्न लैससास लेखाजोखा/विश्लेषणको सुनिश्चितता गर्ने । |
| | स्थानीय तहको कार्यक्रम तथा बजेट निर्माणमा लैससास विश्लेषण, लैससास उत्तरदायी अनुगमन तथा मूल्यांकन र बजेट जस्ता लैससासका आधारभूत तत्वहरु समावेश गर्ने बाध्यकारी अभ्यासलाई अनुकरण गर्ने । |
| | स्थानीय तहको सबै कार्यक्रमहरुमा नेपाल सरकारको लैससास निर्देशिकलाई कार्यन्वयन गर्न अधिकार दिने । |

| | |
|---|---|
| | वार्षिक रुपमा लैससास परीक्षण संचालन गर्ने जसबाट स्थानीय सरकारलाई संस्थागत संस्कारको रुपमा रहेको महिला वा बन्चितिकरणमा परेका समूहका कर्मचारी विरुद्ध हुने विभेदमा आएको परिवर्तनको अवस्था थाहा पाउन सहज हुन्छ । संस्था भित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दुबै सम्बन्धी संस्थागत कार्यसम्पादन र यसको व्यवस्थापनको प्रभावकोलेखाजोखा गर्ने । |
| | सम्बन्धित तहमा रहेको विभिन्न स्थानीय समितिहरुमा महिला, दलित, बन्चितिकरणमा परेका समूदायहरुका जनसंख्या, र अन्य सिमान्तकृत वा जोखिममा रहेका समूहहरुको प्रतिनिधित्वको परिमाणत्मक लक्ष्य निर्धारण गर्ने । |
| लैससासलाई आन्तरिकीकरण गर्न र प्राथमिकतामा राख्न वडा तह लगायत सबै शाखा तथा विभागहरुको क्षमता विकास गर्ने । | लैससास प्रति प्रतिवद्धता गर्न, लैससास संस्कृति प्रवर्द्धन गर्न समावेशी नेतृत्वको नीतिको संरक्षण गर्न विभिन्न विभाग, शाखा तथा वडा तहका कर्मचारीहरुलाई समेत लैससास सम्बेदशील तालिम तथा लैससास सम्बन्धमा खुला छलफल गर्न कार्यस्थलमा नै कार्यशाला उपलब्ध गराउने । |
| | समान कामको लागि समान ज्याला, कामको व्यवस्था, योग्यतामा आधारित व्यवशायिक शिक्षाको निरन्तरताको अवसर, वृत्ति विकास र बढुवा लगायत रोजगारीमा समान अवसरको सुनिश्चितताको लागि मानव संसाधन, प्रणाली र कार्यविधिहरु लागु गर्ने । |
| | व्यवस्थापन तहमा महिला र बन्चितिकरणमा परेका समूहको मानिसहरुको सहभागिता वृद्धिका लागि उपायहरुको अवलम्बन गर्ने । |
| | लैससास र लैङ्गिक हिँसालाई शैक्षिक तथा तालिम पाठ्यक्रमहरुमा समावेश गराउन शैक्षिक तथा आधारभूत तालिम संस्थाहरुसँग सहकार्य र साझेदारी विकास गर्ने । |
| यौन शोषण, यौन हिँसा र कार्यस्थलमा दुरुत्साहन र अन्य विभेदकारी अभ्यासहरु विरुद्ध सून्य सहनशिलताको नीति अवलम्बन गर्ने । | यौनिक शोषण, दुर्व्यवहार र दुरुत्साहन, लैंगिकतामा आधारित हिंसा र जातजातीमा आधरित विभेद, र सबै तहको कार्यस्थलमा हुने विभेद समाप्त गर्न योजना निर्माण र आचार संहिता कार्यान्वयन गर्ने । |
| | यौनिक शोषण, दुर्व्यवहार र दुरुत्साहन र अन्य कुनै किसिमका विभेद रोकथाम गर्न संरक्षण संयन्त्र कार्यान्वयनमा ल्याउने र यस्ता कुनै पनि गुनासाहरु सम्बोधन गर्न एउटा निष्पक्ष र प्रभावकारी संयन्त्र स्थापन गर्ने । |
| | लैङ्गिक हिँसा, यौनिक शोषण, दुर्व्यवहार र दुरत्साहन र अन्य कुनै किसिमका लैङ्गिक तथा सामाजिक विभेदसँग सम्बन्धित राष्ट्रिय कानून तथा अन्तराष्ट्रिय सम्झौताहरुको बारेमा कर्मचारीहरुलाई र जनसमुदायलाई जानकारी गराउने । |
| | |

| **असर १.३ : लैससास मूलप्रवाहीकरण प्रवर्द्धनको लागि सहकार्य र साझेदारी प्रवर्द्धन भएको हुने ।** | |
|---|---|
| **प्रतिफलहरु** | **लगानी** |
| लैससास मूलप्रवाहीकरणको लागि सहकार्य र साझेदारी प्रवर्द्धन गर्न सहयोगी वातावरण निर्माण गर्ने । | सरकारी निकाय, नागरिक समाज र नीजि क्षेत्रको लागि लैससासको मूलप्रवाहीकरणको क्षेत्रमा सहकार्य र साझेदारीको वातावरण निर्माण गर्न नीति तथा रणनीतिहरु बनाउने जसले सहकार्य र राम्रा अन्तर क्षेत्र सिकाइको लागि सहजीकरणमा सहयोग पुग्दछ । |
| | समावेशी र समतामूलक आधारभूत सार्वजनिक सेवाको लागि लगानी वृद्धि गर्न नागरिक समाज र निजी क्षेत्रसँग साझेदारी गर्ने । |
| | स्थानीय तहमा काम गर्ने नागरिक समाज र विकास साझेदारहरु र अन्य सरोकारवालाहरुबीच ज्ञान, सीप र अनुभवहरु बाँड्ने र आदान प्रदान गर्ने । |
| **रणनीतिक उद्देश्य २ : लैससासप्रति उत्तरदायी भएको सुनिश्चित र क्रियाशिल हुने गरी लैससासको संस्थागत संरचनाहरु सबल बन्ने ।** | |
| **असर २.१ : स्थानीय तहमा लैससाससँग सम्बन्धित संस्थागत संयन्त्र स्थापना र क्रियाशिल हुने ।** | |
| **प्रतिफलहरु** | लगानी |
| लैससास नेतृत्व, समन्वय र सहजीकरण संयन्त्रको निर्माण गर्ने । | स्थानीय तहमा लैससास संयन्त्र, नेतृत्वबाट हुने निगरानी, समन्वय, र सहजीकरणको लागि सहि निर्देशन सहितको लैससास नीति तयार गर्ने । |
| सबै तहमा लैससास संयन्त्रहरुको कार्यक्षमता वृद्धि गर्ने । | कार्य सम्पादनमा आधारित प्रोत्साहनलाई लैससास संयन्त्रहरुको प्रभावकारी कार्यसँग जोड्ने । |
| | विभिन्न विधिहरु मार्फत लैससास मूलप्रवाहीकरण, महिला अधिकार र अन्तराष्ट्रिय सन्धी सम्झौताहरु, प्रदेश र स्थानीय तहको लागि लैंङ्गिक सम्बेदशील बजेट निर्माण दिग्दर्शनको कार्यान्वयनको सम्बन्धमा जानकारी गराउने र विभिन्न शाखा तथा विभागहरुको क्षमता विकास गर्ने । साथै यसमा प्राविधिक सहायता, निरीक्षण र अनुगमन मार्फत स्थानीय तहमा सामाजिक समावेशीकरण, लैससास विश्लेषण, लैससास उत्तरदायी योजना तर्जुमा, समीक्षा, र कार्यक्रम निर्माण जस्ता विषयहरु पनि समावेश गर्ने । |
| | लैससासका सवालहरुका बारेमा स्थानीय तहका जनप्रतिनिधिहरुलाई अभिमुखीकरण गर्ने । |
| | लैससाससँग सम्बन्धित असल अभ्यासहरुको दस्तावेजीकरण गर्ने र सबै तहमा बाँड्ने र आदान प्रदान गर्ने । |
| **असर २.२ उत्तरदायित्व सुनिश्चित हुने गरी सबै तहमा लैससासको संस्थागत र संयन्त्रहरुको कार्यसम्पादन क्षमता बढाउने । संस्थागत तरिकाले समावेशी हुने गरी कार्य समिति बनाउनु पर्ने ।** | |

| प्रतिफलहरु | लगानी |
|---|---|
| सबै तहमा लैससासको संस्थागत संयन्त्रहरुको प्रभावकारिता वृद्धि गर्ने । | सम्बन्धित विभाग वा महाशाखाहरुको कार्यक्रम तथा बजेटमा लैससासको संस्थागत संयन्त्रहरुको कार्यसम्पादन सुधार गर्ने उपायहरु समावेश गर्ने । |
| | लैससास दस्तावेजीकरण र सूचना स्रोतहरु स्थापना गर्ने । |
| कार्यन्वयन तहमा लैससास अनुगमन तथा मूल्यांकनलाई थप सवल बनाउने । | लक्षित कार्यक्रमहरुलाई अझ बढि नतिजामूलक तथा अझ बढि लैंङ्गिक उत्तरदायी बनाउन प्रतिफल तहका सूचकहरु निर्माण गर्ने । |
| | लक्षित कार्यक्रमहरुका लागि लैससास उत्तरदायी बजेट निर्देशिका लागुगर्ने । |
| | सबै महाशाखा तथा विभागहरुको अनुगमन तथा मूल्यांकन औजार तथा उपकरणहरु, सर्वेक्षण फारम, तालिम दर्ता फारमहरुले उमेर, लिङ्ग, जात, अपांगताको अवस्था र अरु अन्तर सम्बन्धित विषयका खण्डीकृत तथ्यांक मापदण्ड अनुसार भएको सुनिश्चित गर्ने । |
| | लक्षित कार्यक्रमहरुको कार्यान्वयनको सहभागितामुलक समिक्षा र सामाजिक परीक्षण गर्ने । |
| | लक्षित कार्यक्रमहरुको प्रभावकारिता पहिचान गर्न र समस्याहरुको समाधान गर्न, सामाजिक विकास विभाग र सँगसँगै काम गरेका अन्य विभाग/शाखाहरुलाई संलग्न गराई कार्यमूलक अनुसन्धान सञ्चालन गर्ने । |
| लक्षित कार्यक्रमहरुको उत्तरदायित्व सुधार गर्ने । | स्थानीय तहमा कार्यान्वयन गरिएका लक्षित कार्यक्रम तथा परियोजनाहरुको प्रभावकारिता परीक्षण गर्न ति कार्यक्रम परियोजाबाट लाभान्वित महिला, बन्चितिकरण वा सीमान्तीकृत र संकटासन्न समूहको नेतृत्वमा सामुदायिक परामर्श र लैससास विश्लेषण गर्ने । |
| | वार्षिक बजेट तथा योजना तयार गर्दा लैससास उत्तरदायित्व समावेश गर्ने । |

**असर २.३ लक्षित समूहहरुसम्म कार्यक्रमहरु पुऱ्याउने काममा सहजीकरण गर्न सहकार्य र साझेदारीमा सहयोग गर्ने ।**

| प्रतिफलहरु | लगानी |
|---|---|
| लक्षित समूहहरुको समान सहभागिता अभिवृद्धि गर्ने । | लक्षित कार्यक्रमको कार्यान्वयनको सम्बन्धमा महिला, बन्चितिकरण समूह र यौनिक तथा लैगिक अल्पसंख्यक र अपांगता तथा संकटासन्न समुहहरुमा जागरुकता सिर्जना गर्ने र लक्षित समूहहरुको समावेशी सहभागिताको लागि सशक्तीकरण गर्ने । यस अन्तरगत योजनाको सबै चरणहरु, विशेषगरी डिजाइन र अनुगमनमा लक्षित समूहहरुको अर्थपूर्ण सहभागिता पर्दछ । |

| | |
|---|---|
| स्थानीय तहका सरोकारवालाहरु विच समन्वय र सहकार्य र आपसी सिकाईलाई प्रोत्साहन गर्ने । | कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन तथा मूल्यांकनमा साझा प्रयत्नको सुनिश्चितताको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु, स्थानीय समुदायहरुसँग सहकार्य गर्ने । |
| | स्थानीय तहमा काम गरिरहेका निकायहरु र लक्षित समूहहरुबीच सहभागितामूलक अन्तरक्रिया कार्यक्रम नियमित रुपमा संचालन गर्ने । |
| | सिकाई र सहकार्यको प्रयत्नलाई बढाउन सामाजिक विकास विभाग र अरु विभाग र स्थानीय तहमा कार्यरत निकायहरु विच एउटा आपसी सिकाई संरचना स्थापना गर्ने । |
| **रणनीतिक उद्देश्य ३ : सबैको दिगो आर्थिक वृद्धि, महिला र किशोरीहरुको विरुद्धको हिँसा अन्त्यको लागि महिला तथा बन्चितिकरण समूहहरुको आर्थिक सशक्तीकरण गर्नु** | |
| **असर ३.१ : आर्थिक पुनरोत्थानका लागि संचालित विभिन्न क्षेत्रगत कार्यक्रमहरु मार्फत महिलाहरुको आर्थिक सशक्तीकरण र महिला सहकारीहरुको प्रवर्द्धन हुने ।** | |
| **प्रतिफलहरु** | **लगानी** |
| उपप्रमुख उद्यमशिलता कार्यक्रम अन्तरगत महिला आर्थिक सशक्तीकरण क्रियाकलाप तथा कार्यक्रमहरु निर्माण गर्ने । | समावेशी निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन गर्ने खालको नीतिगत ढाँचा तयार गर्ने । |
| | महिलाहरुलाई वित्तीय समावेशितामा समान पहुँच उपलब्ध गराउने खालको नियमहरुको पैरवी गर्ने । |
| | महिलाको नेतृत्वमा रहेको उद्यमहरुलाई लक्षित गरी नयाँ वित्तीय उत्पादनहरुको विकास गर्न स्थानीय तह तथा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने । |
| | विभिन्न महाशाखा र विभाग (कृषि, सहकारी, व्यापार र उद्योग, सामाजिक) को सहकार्यमा महिलाहरुलाई पशुधन र दीर्घकालमा जमिन सम्मको पहुँचको लागि सवल बनाउन कार्यक्रमहरुको निर्माण गर्ने । |
| | निजी क्षेत्रमा, विशेषगरी कृषि व्यवसाय र निकासी हुने वस्तुको प्रशोधन कार्यमा, ज्यालादारी महिलाहरुको संख्या बढ्दै गएको छ। त्यसैले व्यापार नीतिमा लैंङ्गिकसवालहरु अझ बढि प्रभावकारी ढंगले समावेश हुने सुनिश्चित गर्ने । |
| | यस्तो वातावरणको प्रवर्द्धन गर्ने ताकी महिला तथा महिलाको नेतृत्वमा रहेको सहकारीहरु/स्वयं सहायता समूहहरुको औपचारिक तथा अनौपचारिक ऋण, नियमित भूक्तानीको प्रावधान सहितको योजना र ऋणको प्रत्याभूतिमा पहुँच पुग्दछ । |
| | कृषि उपज (पशुपालन र कृषि कार्य)र समूहमा आधारित उद्यमहरु र बजार विच सम्बन्ध स्थापनाको प्रवर्द्धन गर्ने । जसबाट महिलाको |

| | |
|---|---|
| क्षमता विकासको माध्यमद्वारा महिलाको नेतृत्वमा रहेको सहकारीहरु र स्वयं सहायता समूहको क्षमता विकास गर्ने । | स्वामित्व र व्यवस्थापनमा रहेका सफल उद्यम तथा सहकारीहरुको विकास हुन सक्दछ । |
| | उत्पादन देखि प्रशोधन र उचित/व्यवस्थित_ बजारीकरणसम्मको मूल्य श्रृंखला प्रवर्द्धनको लागि क्षमता निर्माण र सिप विकासको अवसर प्रदान गर्ने । |
| | जीविकोपार्जन र सिप विकास कार्यक्रमहरुको डिजाइन र विकास गर्ने जसबाट अहिले नै राम्रो परिमाण, गुणस्तर र दक्षता सहित उत्पादन गरिरहेका महिलाहरुलाई वस्तु उत्पादन र बेच्न सहयोग पुगोस । महिला, पुरुष र वयस्कहरुमा व्यापक रुपमा यौन शिक्षाको संचार गरि जीवनमा कुनै हानि नपुग्ने गरि सिद्धान्तको सुनिश्चित गर्नु । |
| | महिलाको नेतृत्वमा रहेको सफल व्यवसाय र महिलाको नेतृत्वमा रहेको संस्थाले आर्थिक वृद्धिमा पुऱ्याएको योगदान सरकार तथा अन्य सरोकारवालाहरुसम्म पुऱ्याउने ताकी त्यसबाट सकारात्मक प्रभाव परोस । |
| महिलाहरुको आर्थिक सशक्तीकरण प्रवर्द्धनको लागि पुरुषहरुलाई संलग्न गराउन लैससास तालिम तथा विशिष्ट रणनीतिहरु तयार हुने । | हस्तक्षेपकारी क्रियाकलापहरुमा महिलाहरूको आर्थिक सशक्तिकरण प्रवर्द्धनका लागि पुरुषहरुको संलग्नता प्रवर्द्धन गर्न दम्पतीलाई लैङ्गिकसचेतना र बुझाई सम्बन्धी तालिम उपलब्ध  गराउने । |
| सहरी सार्वजनिक कार्यको लागि नगद उपलब्ध गराउने ताकी दैनिक ज्यालादारीका महिला तथा पुरुषहरुलाई प्रोत्साहन मिल्दछ । | जहाँ कामको लागि नगद कार्यक्रमले सम्भावित विपद कम गर्न संचालन गरिने सार्वजनिक निजी कार्यहरुमा सबै लिङ्गका बेरोजगार युवाहरुलाई ज्यालाको रुपमा नगद दिन्छ त्यहाँ विपदहरु विरुद्धको प्रतिकार्य वा निश्चित कार्यक्रमहरु प्रवर्द्धन गर्न विभिन्न सरोकारवालाहरुसँग सहकार्य गर्ने । |
| **असर ३.२ लैंङ्गिक हिँसालाई सम्बोधन गर्न महिलाको आर्थिक सशक्तीकरण एउटा प्रमुख सम्बाहकको रुपमा प्रवर्द्धन हुने ।** | |
| **प्रतिफलहरु** | **लगानी** |
| महिलाको आर्थिक सशक्तीकरण वृद्धि गर्न नीतिहरु, कानूनी सुधारहरु र कार्यक्रमहरु लागु गर्ने । | महिलाहरुको सशक्तीकरणको लागि नदेखिने गरी वा भिन्नता छुट्याउन नसकिने गरी बाधाहरु रहेका छन् भन्ने मान्यता राख्ने र नीति निर्माणमा योगदान पुऱ्याउने खालको आर्थिक नीति निर्माण, योजना तर्जुमा, ग्रामीण तथा सहरी विकासको लागि जिम्मेवार स्थानीय साझेदारहरुसँग सहकार्य गर्ने । यसमा लैंङ्गिक उत्तरदायी आर्थिक नीतिहरु र बजेट निर्माणको विकास र कार्यन्वयनमा सहयोग गर्ने कुरा पर्दछ । |
| लैंङ्गिकहिँसा रोक्न वा त्यसको प्रतिकार्य गर्न वहुक्षेत्रीय पद्धतिको कार्यान्वयनमा सहयोग गर्ने । | लैंङ्गिकहिँसा विरुद्ध लड्न र अझ बढि लैंङ्गिकउत्तरदायी कानूनी र न्यायिक संस्था निर्माण गर्न आवश्यक विधायकी संरचनाको विकास गर्ने । त्यस संरचनालाई बलियो बनाउने र त्यसको कार्यान्वयन गर्न राष्ट्रिय र स्थानीय साझेदारहरुसँगको सहकार्य र साझेदारीमा काम गरी लैंङ्गिकहिँसा विरुद्धको प्रतिकार्यको लाभलाई अगाडि बढाउने । यस अन्तरगत औपचारिक र अनौपचारिक दुवै प्रक्रिया मार्फत दण्डहिनता विरुद्ध लड्न र बाँच्नेको न्याय सम्मको पहुँच सुनिश्चित गर्न प्रहरी, न्यायधिश, र वकिलहरुको क्षमता विकास गर्ने कार्य पर्दछ । लैंङ्गिकहिंसाबाट विशेषगरी महिला तथा बालबालिकाहरू |

| | |
|---|---|
| | पीडित/प्रभावित हुने गरेका र यसबाट उनीहरूमा शारीरिक, यौनजन्य, मानसिक तथा मनोवैज्ञानिक, आर्थिक तथा सामाजिक असर पर्ने गरेको छ । यस्ता समस्याहरूको एकीकृत र प्रभावकारी रूपमा सम्बोधन गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मुख्य कार्यान्वयन निकायको रूपमा रहनेगरी तोकिएका अस्पतालहरूमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र जिल्लास्थित अस्पतालहरूमा स्थापना गरीएको छ । यी व्यवस्थापन केन्द्रबाट लैङ्गिकहिंसापीडित वा प्रभावितहरूलाई स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन, कानूनी एवम् अन्य परामर्श सेवा दिन, आवश्यक सुरक्षा प्रदान गर्न, आवश्यक पुनर्स्थापना गर्न र लैङ्गिकहिंसा विवरण तयारीका कार्यहरूसमेत गर्न आवश्यक कार्यक्रम सञ्जाल र सङ्गठनात्मक व्यवस्था गरिनेछ । |
| आर्थिक र आय आर्जनको अवसरको लागि महिला, घरेलु कामदारहरु, आन्तरिक बसाईसराई गरी आउनेहरु र कम सिप भएका महिलाहरु सम्म पुग्ने । | महिला, घरेलु कामदारहरु, आन्तरिक बसाईसराई गरी आउनेहरुको आर्थिक सशक्तीकरणका अवसरहरुको लागि तिनीहरुलाई आय आर्जन, स्रोतहरुमा पहुँच र नियन्त्रण र हिँसाबाट संरक्षण लगायत अझ बढि सुरक्षाका लागि आवश्यक सिप तथा क्षमता विकासको पहिचान गर्ने । |
| महिलाहरुको आर्थिक सशक्तीकरणका लागि पुरुषहरुलाई संलग्न गराउन लैससास तालिम र विशिष्ट रणनीतिहरुको व्यवस्था गर्ने । | हस्तक्षेपकारी क्रियाकलापहरुमा पुरुषहरुको संलग्नता प्रवर्द्धन गर्न महिला तथा पुरुष दुबैको लागि लैससास सचेतना र जानकारी मुलक कार्यक्रम आयोजना सम्बन्धी योजना तयार गर्ने । यस्ता क्रियाकलापहरुले महिलाहरुको अवसर र उनीहरुको बारेमा गरिने निर्णयहरुसँग सम्बन्धित सामाजिक मान्यतामा परिवर्तन ल्याउन योगदान गर्दछ । |

**रणनीतिक उद्देश्य ४ :** गुणस्तरीय आधारभूत सेवाहरु (प्राथमिक स्वास्थ्य सेवा, शिक्षा, पूर्वाधार, स्वच्छ पानी, सरसफाई सुविधा र न्याय)मा समान पहुँच र उपयोग सुनिश्चित हुने गरी महिला र बन्चितिकरण समूहहरुको विशिष्ट आवश्यकता पुरा गर्न लक्षित कार्यक्रमहरु संचालन गर्नु ।

**असर ४.१ :** महिला, बन्चितिकरण समूहहरु र संकटासन्न समूहहरुको विशिष्ट आवश्यकता पुरा गर्न लक्षित कार्यक्रमहरु डिजाइन र कार्यान्वयन हुने ।

| **प्रतिफलहरु** | **लगानी** |
|---|---|
| महिला, बन्चितिकरण समूहहरु र संकटासन्न समूहहरुकोलागि कार्यक्रमहरु तर्जुमा गर्ने । | आधारभूत सेवा (आधारभूत स्वास्थ्य सेवा, शिक्षा, पूर्वाधार, स्वच्छ पानी, सरसफाइ सुविधाहरु र महिला, बहिष्कृत समूहहरु र संकटासन्न समूहहरुको पहुँचमा भएको न्याय) उपलब्ध गराउन सम्भाव्य र स्वीकार्य कामहरुको पहिचान गर्ने । |
| | आधार सेवाहरु लक्षित समूहहरु (महिला, किशोरीहरु, बालबालिका, युवा, गरिव, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु लैंङ्गिक तथा यौनिक अल्पसंख्यकहरु) को पहुँचमा पुऱ्याउने सम्बन्धी दिग्दर्शन तयार गर्ने । |
| | विकास गरिएको दिग्दर्शन कार्यान्वयनको लागि सेवा प्रदायकहरुलाई तालिम उपलब्ध गराउने । |

| | |
|---|---|
| | लक्षित समूहहरुमा सेवा पुगे नपुगेको र सेवाको गुणस्तर सम्बन्धमा सामुदायिक समूहहरु/सञ्जालबाट पृष्ठपोषण संकलन गर्न सामुदायिक पृष्ठपोषण संकलन संयन्त्र निर्माण गर्ने । |
| | आधारभूत स्वास्थ्य सेवा, शिक्षा, पूर्वाधार, स्वच्छ पानी, सरसफाई सुविधाहरु, न्याय आदि प्राप्त गर्न गरिव तथा महिलाहरुले सामना गर्नुपरेका अवरोधहरु कम गर्न हस्तक्षेपहरुको पहिचान र डिजाइन गर्ने। |
| लक्षित समुहहरु (ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु लैंङ्गिक तथा यौनिक अल्पसंख्याकहरु आदि) विशिष्ट आवश्यकता पुरा गर्न कार्यक्रमहरु संचालन गर्ने । | आधारभूत सेवाहरुलाई अपांगतामैत्री र ज्येष्ठ नागरिकमैत्री बनाउन राष्ट्रिय दिग्दर्शन तयार गर्ने कार्यान्वयन गर्ने । |
| | सबै भन्दा बढि संकटासन्न अवस्थामा रहेका र बन्चितिकरण समूहहरु जस्तै विपद् जोखिम क्षेत्रमा बसोबास गरिरहेका, अपांगता भएका व्यक्तिहरु, लैंङ्गिकतथा यौनिक अल्पसंख्यकहरु, दलितहरु, एकल महिलाहरु, लैंङ्गिकहिँसामा रहेकाहरु आदिको अधिकारहरुको बारेमा चेतना अभिवृद्धि गर्ने र उनीहरुलाई सेवा सुनिश्चित गर्ने । |
| | लैंङ्गिक हिँसाबाट प्रभावितहरुको पुनरुत्थानात्मक सेवाहरु उपलब्ध गराउने । |
| सबैलाई समान पहुँच हुने गरी **लैंङ्गिक**मैत्री र समावेशी पूर्वाधारहरुको रेखांगन र चित्रण गरिएको छ भन्ने सुनिश्चित गर्ने । | पूर्वाधारहरुको डिजाइन र विकास गर्दा समुदाय न्यायिक समितिसँग परामर्श गरी महिला, बन्चितिकरण समूहहरु र संकटासन्न जनसंख्याहरुको विभिन्न आवश्यकताहरुलाई ध्यान दिइएको सुनिश्चित गर्ने र निर्णय प्रक्रियामा तिनीहरुको आवाज समावेश गर्ने । |
| | भवन सम्बन्धी उपनियमहरु निर्माणमा सामाजिक विकास विभागको परामर्शमा हुने र उक्त उपनियमहरु निर्माणको सम्पूर्ण प्रक्रियामा लैससास फोकल पर्सनको संलग्नता हुने सुनिश्चित गर्ने । |
| | भवन उपनियमहरु महिला तथा पछाडि पारिएका समूह (अपांगता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक आदि)को लागि पहुँच हुने गरी लैंङ्गिक उत्तरदायी भएको सुनिश्चित गर्ने । |

माथि उल्लेखित रणनीतिहरु, तालिका ३ : लक्षित समूहहरु र निर्धारणका आधारहरु, कार्यक्रमहरु र क्रियाकलापहरुले जउमनपाको सामाजिक विकास विभागको लागि मार्गदर्शनको रुपमा काम गर्नेछन् ।

# परिच्छेद ६ : अनुगमन, मूल्यांकन र प्रतिवेदन कार्य

## ६.१ अनुगमन र मूल्यांकन : किन, कसरी र कोबाट

अनुगमन तथा मूल्यांकन विशेषगरी लैससासको दृष्टिकोणबाट गरिनुपर्छ। लैंङ्गिक संवेदनशील अनुगमन तथा मूल्यांकनले संचालन गरिएका कार्यक्रमहरुले लक्षित समूहहरुको विभिन्न प्राथमिकता र आवश्यकताहरुको सम्बोधन गरेको छ कि छैन भन्ने देखाउँछ। साथै यसले लैंङ्गिक सम्बन्धमा प्रभाव पारेको नपारेको आँकलन गर्नुको साथै अनुगमन तथा मूल्यांकन प्रणालीमा समावेश गरिनुपर्ने लैंङ्गिक र समावेशीकरणका पक्षहरुको पहिचान गर्दछ। योजना तर्जुमाको चरणमा प्रष्टरुपमा राखिएका लैंङ्गिक समानताका उद्देश्यहरु र सूचकहरुले लैंङ्गिक समानताका सवालहरुमा भएको प्रगतिको आधारमा उत्तरदायित्वलाई थप बलियो बनाउन सहयोग पुऱ्याउँछ। प्रभावकारी लैंङ्गिक सम्वेदनशील अनुगमन तथा मूल्यांकनमा लैंङ्गिक सम्बन्धमा परेका प्रभाव मापन गर्ने गुणात्मक तथा परिमाणात्मक दुवै तथ्यांक समावेश हुनुपर्दछ। पर्याप्त तथ्यांक विना लैससासमा परेका प्रभावको अर्थपूर्ण विश्लेषण निकै गाह्रो हुन्छ। यसको अर्थ कम्तिमा पनि सबै तहको उमेर, लिङ्ग, जात र अपांगता सम्बन्धी तथ्यांक खण्डीकृतरुपमा प्रस्तुत र विश्लेषण गरिनुपर्दछ।

जनकपुरधाम उप-महानगरपालिकाको सामाजिक विकास विभागले एउटा अनुगमन तथा मूल्यांकन समिति बनाउनु पर्दछ। मूल्यांकन समितिको विस्तृत खाका राख्नुपर्ने। मूल्यांकन प्रतिवेदन गर्ने जिम्मेवारी कसको, यदि कार्यान्वयन नभएमा सोको फलोअप कसले गर्ने। उक्त समिति प्रस्तावित लैससास रणनीतिको कार्यान्वयनको अवस्थाको आवधिक रुपमा अनुगमन, समीक्षा र मूल्यांकन गर्न जिम्मेवार हुनेछ। सो समितिले आवश्यक गुणात्मक तथा परिमाणात्मक तथ्यांक संकलन गर्न सम्बन्धित विभागहरु, संघसंस्थाहरु, निकायहरु र समितिहरुसँग समन्वय गर्न र तिनलाई परिचालन गर्न आवश्यक प्रबन्ध पनि मिलाउनु पर्दछ। साथै सो समितिले यस रणनीतिको कार्यान्वयनको प्रभाव र लक्षित समूहहरु सँग सम्बन्धित हस्तक्षेपको प्रभाव आवधिक रुपमा गर्नुपर्दछ।

लैससास संवेदनशील अनुगमन मूल्यांकन र सिकाइको सुनिश्चितताका लागि तपशिलका रणनीतिहरु अवलम्बन गरिनेछन् :

**१. कार्यान्वयन तयारी :** रणनीतिको कार्यान्वयनसँग सम्बन्धित सवालहरु जस्तै सहयोगी वातवरण भए नभएको, कार्यान्वयनको लागि संस्थागत तत्परता र कुशल कार्यान्वयन क्षमताको अवस्था, स्रोत र पूर्वाधारहरुको उपलब्धता, पर्याप्तता र उत्तरदायित्वको अवस्था आदिको सम्बन्धमा विश्वस्त हुन अनुगमन र मूल्यांकन नियमित र प्रणालीबद्ध ढंगबाट सञ्चालन गरिनेछ। यस्तो पद्धतिबाट रणनीतिको कार्यान्वयनको तत्परतालाई आश्वस्त पार्न सकिन्छ।

**२. कार्यसम्पादनको प्रगति समीक्षा :** लक्षित समूहको पहुँच र क्षमताको अवस्था सम्बन्धी कार्यसम्पादनको आँकलन गर्न कार्यान्वयनको प्रगति समीक्षा गरिनेछ। कार्यान्वयनसँग सम्बन्धित समस्याहरुको पहिचान गरिनेछ र यस्ता समस्या समाधान सम्बन्धी निर्देशन दिइनेछ।

**प्रतिफल र नतिजाको प्रभावकारिताको अनुगमन, मूल्यांकन र सिकाइ :** जनकपुरधाम उप-महानगरपालिकाको लैससास रणनीतिको कार्यान्वयनले लक्षित समूहहरुलाई कसरी लाभ दिन सकेको छ र यसको प्रभाव कस्तो छ भन्ने थाहा पाउन लैससास कार्यान्वयनको अवस्था लेखाजोखा गर्न आवधिक र वार्षिक रुपमा मूल्यांकन गरिनेछ। कार्यान्वयनको क्रममा देखिएका समस्याहरुका साथै ती समस्याहरु समाधान गर्न अपनाइएका उपायहरुको लेखाजोखा गरिनेछ। यस अन्तरगत, रणनीतिको तात्कालिक सुधार यसको आवधिक र दीर्घकालीन सुधारबाट निर्देशित हुनेछ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तरगतको प्रदेश तथा स्थानीय सुशासन सहयोग कार्यक्रम (PLGSP) बाट संचालित स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिसा) बाटपनि लैससासको अवस्थाबारे समय समयमा लेखाजोखा गरिनेछ।

## ६.२ प्रतिवेदन कार्य

### ६.२.१ उत्तरदायित्व

लैससास रणनीतिसँग सम्बन्धित कार्यान्वयन तथा कार्यसञ्चालन तहको प्रतिफल र सेवा प्रवाहको प्रभावकारितासँग सम्बन्धित अनुगमन तथा मूल्यांकनको लागि स्थानीय तह जिम्मेवार हुनेछ । यसको लागि अनुगमन तथा मूल्यांकन समन्वय समितिलाई क्रियाशील र जिम्मेवार बनाइनेछ र उक्त कार्य दक्षतासाथ सम्पन्न गर्नको लागि आवश्यक क्षमता विकासको व्यवस्था मिलाइनेछ ।

### ६.२.२ सिकाइ

यस रणनीतिको एउटा अंशको रुपमा विशेषगरी लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई सम्बोधन गर्ने क्रियाकलापहरुमा लक्षित एउटा संजाल बनाउन ध्यान दिइनेछ । महिलाले नेतृत्व गरेको सफल व्यवसाय र महिलाको नेतृत्वमा रहेको संघसंस्थाले आर्थिक वृद्धिमा पुऱ्याएको योगदानलाई सरकार तथा अन्य सरोकारवालाहरुलाई महिलाहरुको आर्थिक सशक्तीकरणमा लगानी गर्न नमूना प्रस्तुत गर्न सकिन्थ्यो । विभिन्न सरोकारवालाहरु विच आपसी सहजीकरण गरिनेछ र यस प्रकृतिको काममा संलग्न हालको संजालमा जउमनपा भाग लिनेछ । यसले जउमनपालाई लैससास सम्बन्धी क्रियाकलापहरुका बारेमा विज्ञहरुको सुझाव प्राप्त गर्ने, नयाँ विचार र सुझावहरु, केले काम गरेको छ केले काम गरेको छैन भन्ने सिकेर क्षमता बढाउन र अमूल्य स्रोतहरु र ज्ञानसम्मको पहुँचमा पुग्ने अवसर मिल्नेछ ।

# परिच्छेद ७: सन्दर्भ सामाग्री


Asian Development Bank. (2011). Integrated Urban Development Project - Janakpur Municipality. Retrieved from https://www.adb.org/sites/default/files/project-document/60795/42161-013-nep-rp-draft.pdf

Central Bureau of Statistics. (2011). National Population and Housing Census 2011. Retrieved from https://nada.cbs.gov.np/index.php/catalog/54

Copp, B. (2020). Nepal: Gender Equality and Social Inclusion: Avenues and Insights. Retrieved from https://ruor.uottawa.ca/handle/10393/41256

Sudridh- NURP (2020). Municipal Impact and Needs Assessment Survey in the Context of COVID-19.

Sudridh-NURP (2020) Janakpur Assessment Report: Gender Equality and Social Inclusion (GESI) and Leaving No One Behind (LNOB) (Unpublished report, Sudridh-Nepal Urban Resilience Programme). ICF Nepal.

Sudridh-NURP (2019): Inception Report. Unpublished report, Sudridh-Nepal Urban Resilience Programme). ICF Nepal.

Giri, S., Singh, J., Giri, R., Jha, L., & Yadav, S. (2017). Study on Domestic Violence against Women in Nepalese Village of Terai Region. Janaki Medical College Journal of Medical Science, 4(1), 46-52.

International Development Partner Group. (2017). A Common Framework for Gender Equality and Social Inclusion. Retrieved from https://asiapacific.unwomen.org/en/digital library/publications/2017/04/gesi-framework

International Labour Organization. (2018). Women and Men in the Informal Economy: A Statistical Picture. Retrieved from https://www.ilo.org/wcmsp5/groups/public/---dgreports/---dcomm/documents/publication/wcms_626831.pdf

International Labour Organization. (2020). ILO Monitor: COVID-19 and the world of work. Second edition. International Labour Organization. Geneva, Switzerland.

International Labour Organization. (2020, May 21). COVID-19 labour market impact in Nepal. Retrieved from https://www.ilo.org/kathmandu/whatwedo/publications/WCMS_745439/lang--en/index.htm

Ministry of Social Development. (2076). Gender Equality Policy 2076. (Unpublished). Madhesh Pradesh Province, 2 Government, Janakpurdham, Dhanusha.

National Planning Commission. (2020). The Fifteenth Plan: Fiscal Year 2019/20-2023/24. Retrieved from https://www.npc.gov.np/images/category/15th_plan_English_Version.pdf

National Planning Commission. (2017). Nepal Sustainable Development Goals Status and Roadmap:2016-2030. Retrieved from https://www.npc.gov.np/images/category/SDG_Status_and_Roadmap_(2016- 2030).pdf

National Planning Commission. (2016). Thirteenth Plan: Fiscal Year 2070/71-2072/73). Retrieved from https://www.npc.gov.np/images/category/13th-Plan_nep.pdf

Nepal Research Institute and CARE Nepal. (2020). Rapid-Gender Analysis Report on COVID-19 Nepal, 2020. Retrieved from http://www.careevaluations.org/wp-content/uploads/Nepal-Final-Report_RGA.pdf

Otobe, N. (2017). Gender and the informal economy: Key challenges and policy response. Retrieved from https://www.ilo.org/wcmsp5/groups/public/-ed_emp/documents/publication/wcms_614428.pdf

Rocheleau, D., Thomas-Slayter, B., & Wangari, E. (1996). Gender and Environment: A feminist political ecology perspective In D. Rocheleau, B. Thomas-Slayter, & E. Wangari (Eds.), Feminist Political Ecology: Global Issues and Local Experience (pp. 3-23). London: Routledge.

Save the Children and Province 2. (2019). Proposed Framework for Strategic Action Plan on Prevention of Gender Based Violence Province 2. (Unpublished, Nepali version).

Sigmund, F. (2012). Nepal's Informal Economy. AWO International E.V. http://www.awo southasia.org/fileadmin/websites/nepal/South_Asia_pdf/Nepal_s_Informal_Economy. pdf

United Nations Development Program. (2020). Rapid Assessment of Socio-Economic Impact of COVID-19 in Nepal. Retrieved from https://www.np.undp.org/content/nepal/en/home/library/rapid-assessment-of-socio-economic-impact.html

United Nations Human Rights. (2020). COVID-19 measures are 'gender-blind', increase risk of violence against women, says UN expert. Retrieved from https://www.ohchr.org/EN/NewsEvents/Pages/DisplayNews.aspx?NewsID=26369

# परिच्छेद ८ : अनुसूचीहरु

## अनुसूची - १ विभिन्न अध्ययन तथा अनुसन्धानबाट प्राप्त उपलब्धि र सुझावहरु

*जनकपुरधाम उप-महानगरपालिका लैससास लेखाजोखाबाट प्राप्त उपलब्धि र सिफारिसहरु*

**प्राप्ती १ : जनकपुरधाम उप-महानगरपालिको लैससास/एलएनओबि मूलप्रवाहीकरणको संगठनात्मक क्षमता**

लैससासको एजेण्डालाई अगाडि बढाउन थुप्रै संस्थागत संरचनागत व्यवस्था रहेका छन् ।

**नगरपालिकाको सामाजिक कल्याण विकास विभाग अन्तरगत महिला तथा बालबालिका विकास शाखाको स्थापना गरिएको छ । लैससास कार्यक्रमको लागि वडा कार्यालयहरुलाई समेत जिम्मेवार बनाइएको छ । तर, लैससास क्षमता लेखाजोखाले नगरपालिकामा भएका विभागहरुमा पर्याप्त सेवाहरु प्रदान गर्न सक्ने प्राविधिक क्षमताको अभाव रहेको देखाउँछ ।**[३०]

सिफारिस १ : जनकपुरधाम उप-महानगरपालिकाको लैससास संवेदनशील संस्थागत व्यवस्था बलियो बनाउनु पर्ने ।

**१. लैससास सल्लाहकार सहितको टोली गठन गरेर लैससास जिम्मेवारीको संरचना र स्थानको व्यवस्था गर्ने ।**
**२. सार्वजनिक सुनुवाई, सामाजिक/सार्वजनिक परीक्षण जस्ता औजारहरु मार्फत उत्तरदायित्वको अभ्यासको प्रवर्द्धन र विकास गर्ने ।**
**३ पुरुष तथा महिलालाई कार्यस्थलमा पूर्ण रुपमा सहभागी हुने वातावरण बनाउन उपयुक्त सुविधा प्रदान गरेर लैंङ्गिक विशेष जिम्मेवारीलाई सहयोग पुऱ्याउने ।**
**४. जनकपुरधाम उप-महानगरपालिकाको संगठनात्मक संरचनामा हरेक शाखा/विभागमा कम्तिमा ३३ प्रतिशत महिला हुनुपर्ने प्रावधानको व्यवस्था गरिनुपर्छ ।**
**५. भौतिक सुधार, लैंङ्गिक संवेदनशिल तालिम, अन्य प्रोत्साहनहरु र कर्मचारीहरुको पुन अभिमखीकरण र पुनर्निर्देशन मार्फत अझ बढि लैंङ्गिक मैत्री कार्यस्थलको निर्माण गर्ने ।**

**प्राप्ती २ : आर्थिक अवसरहरुमा महिला र बन्चितिकरण समूहहरुको संलग्नता**

**जनकपुरधाम उप-महानगरपालिकामा १० प्रतिशत महिला रोजगार छन्, खासगरी साना उद्योगहरुमा । महिलाहरुको रोजगारीको दर कम हुनुमा निरक्षरता, कम उमेरको विवाह र सामाजिक मान्यता र अभ्यासहरु रहेका छन् ।**[३१] **जनकपुरधाम उप-महानगरपालिकाको समाजको हरेक तहको योजना तर्जुमा र निर्णय प्रक्रियामा बन्चितिकरण समूहहरुको धेरै कम सहभागिता या सहभागिता नै नहुने गरेको छ । यि समूहहरुको संलग्नता अनौपचारिक र नियमन नभएको क्षेत्रमा मात्र हुने गरेको छ । कमजोर आय र आर्थिक शक्तिका कारण तिनीहरु आफ्नो उत्पादन बजार मूल्य भन्दा धेरै कममा बेच्न बाध्य हुन्छन् ।**[३१]

शिफारिश २ : महिला तथा बन्चितिकरण समूहहरुको आर्थिक अवसरको पहुँचमा सुधार गर्नुपर्ने ।

**१. सबै तहमा महिलाहरुको समान र समतामुलक प्रतिनिधित्वको लागि संयन्त्रहरुको स्थापना**
**२. महिलाहरुको सशक्तीकरणमा सहयोग पुऱ्याउने भरपर्दो आम्दानी सहितको रोजगारी मार्फत श्रमवजारमा जीविकोपार्जन र सहभागितासँग सम्बन्धित लैंङ्गिक खाडल र असमानता हटाउने काम**
**३ सबै भन्दा संकटासन्न र बन्चितिकरण समूहको बजार, वित्त, र रोजागारीको अवसरसँगको पहुँच वृद्धि गर्नु**
**४. वहुउद्देश्यीय सहकारी प्रवर्द्धन गरी महिला समूह/संजालहरु वा सहकारीहरुलाई सहयोग गर्ने**
**५. सहकारी व्यवसाय र महिला, बन्चितिकरण समुदायहरु, अपांगता भएका व्यक्तिहरु र वञ्चितीकरणमा परेका/बेरोजगार युवाहरुको जीविकोपार्जन प्रवर्द्धन गर्न तिनीहरुको वित्तीय साक्षरता प्रवर्द्धन गर्ने ।**

प्राप्ती ३ : लैङ्गिकताबाट सिर्जित क्षमता र अवसरमा भएको भिन्नता

**जनकपुरधाम उप-महानगरपालिकाका महिलाहरुमा मिथिला कला र हस्तकलाको मौलिक क्षमता र ज्ञान छ। त्यसैगरी जनकपुरधाम उप-महानगरपालिकाका महिला तथा बन्चितिकरण समूहहरु मूख्यतया कृषिमा संलग्न छन् र उत्पादन र बालि भित्र्याएपछिको काममा महत्वपूर्ण भूमिका खेल्दछन्। धेरै जसो काम शारीरिक (Manual) र धेरै समयलाग्ने खालको भएकोले र महिला किसानहरुलाई सीप विकासको अवसर प्राप्त हुने लैंङ्गिक सम्बेदनशिल प्रविधि प्रयोगमा ल्याउनु उपयुक्त हुन्छ।**

शिफारिश ३ : क्षमता विकासमा  सहजीकरण गर्ने

**१. मिथिला कला, कलात्मक वस्तु, साँस्कृतिक प्रदर्शनसँग सम्बन्धित महिला उद्यमीहरुको प्रवर्द्धन र दलितहरुलाई माछापालन र पशुपालनमा संलग्न गराउन संयन्त्र स्थापना मार्फत समावेशी खालको स्थानीय आर्थिक गतिविधिहरुलाई माथि उठाउन योजना निर्माण गर्नुपर्ने।**
**२. सबै किशोरी र महिलाहरुको लागि शिक्षा, सिप विकास र साक्षरता मार्फत किशोरी र महिलाहरुको सम्भावना प्रवर्द्धन गर्ने**
**३. समुदाय र समाजका सबै तहको राजनीतिक प्रक्रिया र सार्वजनिक जीवनमा समान सहभागिता र समतामूलक प्रतिनिधित्वलाई अघि बढाउन संयन्त्रको स्थापना गर्ने**
**४. महिला उद्यमीहरुका लागि प्रशिक्षकहरु उत्पादन गरी विभिन्न तहका महिला उद्यमीहरु, बन्चितिकरण समूहहरु र अपांगता भएका व्यक्तिहरुका लागि अन्तरक्रिया कार्यक्रमको योजना बनाउने।**
**५. कृषि कार्य, व्यापार, र उद्यमशीलता लगायतका महिलाहरुको वर्तमान आर्थिक गतिविधिहरुलाई सहयोग पुर्‍याउन सूचना प्रविधिको प्रयोग गर्नु महत्वपूर्ण हो।**

प्राप्ती ४ : लैङ्गिक हिँसा

**अध्ययन देखाएको छ की लैंङ्गिक हिँसामा परेका महिलाहरु मध्ये ४० प्रतिशत २० देखि २९ वर्षका रहेका छन्। दुर्व्यवहारको कारण महिलाहरु मानसिक स्वास्थ्य, शारीरिक र प्रजनन् समस्याबाट पिडिति छन्। एकल महिलाहरु, विशेषगरी सिमान्तकृत जातका र गरिवहरुलाई बोक्सी आरोप लगाइन्छ र सामाजिकरुपले अपहेलित गरिन्छ। जनकपुरधाम उप-महानगरपालिकामा किशोरीहरुको विद्यालय छोड्ने दर उच्च हुनु, लैंङ्गिक हिँसा हुनु र महिलाहरुको राजनीतिक र आर्थिक सहभागिता कम हुनुमा कम उमेरमा हुने विवाह प्रमुख कारण रहेको छ।**

**शिफारिश ४ : लैङ्गिक भूमिकामा सुधार गर्ने र पुरुषहरुको संलग्नतालाई प्रोत्साहित गर्ने**

1. **लैङ्गिक हिँसा सम्बोधन गर्ने गरी कानूनी र नीतिगत व्यवस्था मिलाउने।**
2. **लैङ्गिक भूमिका परिवर्तन गर्न र लैङ्गिक समानता सुधार गर्न पुरुषको संलग्नतालाई प्रोत्साहित गर्ने। यसको लागि चाँडो विवाह, दाइजो प्रथा, बोक्सीको आरोप लगाउने र अन्य परम्परागत विभेदकारी अभ्यासहरुलाई सम्बोधन गर्न पुरुषहरुको संलग्नतामा  योजना निर्माण गर्ने।**

### प्राप्ती १ : ग्रामीण सहरी सम्बन्ध र चुनौतीहरु

**जनकपुरधाम उप-महानगरपालिकाको सन्दर्भमा अघिल्लो शासन प्रणालीमा भएको संरचनामा सहरी चरित्रका १६ वटा वडाहरु थिए । अहिलेको नयाँ संरचनामा ९ वडाहरु गाभिन आए । पहिलेका १६ वटा हाल १ देखि १० वडा बाँडिएका छन् जुन सहरी प्रकृतिका छन् र बाँकी वडाहरु संक्रमणकालमा रहेका छन् । पछि गाभिन आएका ९ वटा वडाहरु घरको निर्माणमा प्रयोग भएका सामग्री, आय आर्जनको लागि कृषि र पशुपालन पेशामा निर्भरता आदिको आधारमा ग्रामीण चरित्रका रहेका छन् । सहरी क्षेत्रको रुपमा पहिचान पाएता पनि यि वडाहरुमा खानेपानी र सरसफाईको राम्रो सुविधा र पूर्वाधार विकास भएको पाइँदैन ।**

### शिफारिश १ : सहरी सार्वजनिक कार्यका लागि नगद

**१. जउमनपा भित्र रहेका वडाहरु विचको असमानतालाई ध्यानमा राखी सहरी सार्वजनिक निर्माणको कार्यलाई प्राथमिकताका साथ संचालन गरिनुपर्छ ।**
**२. सामाजिक संरक्षणको उद्देश्य सहितको हरित पूर्वाधारमा आधारित सार्वजनिक निर्माणको काम गरिनुपर्दछ ।**
**३. श्रमिकको लागि नगद प्रोत्साहन दिन सक्ने कामको लागि नगद कार्यक्रम मार्फत विपद विरुद्ध हरित प्रतिकार्यलाई प्रवर्द्धन गर्ने ।**

### प्राप्ती २ : व्यवसाय र कृषि क्षेत्रमा रोजगारीका अवरोधहरुको पहिचान

**अध्ययनले देखाएको छ कि विभिन्न जातजाति समुदाय, शिक्षाको तह, उमेर समूह र लैङ्गिक समूहका मानिसहरुको लागि व्यवसाय गर्नमा गाह्रो छ । त्यसैगरी आय आर्जनको गतिविधिहरुको लागि कृषि क्षेत्रमा रहेका अवरोधहरु महिला र पुरुषहरुको लागि फरक फरक छन् । यस बाहेक त्यस अध्ययनले पशुको स्वामित्व र गरिवीबीचको सम्बन्धलाई पनि दर्शाउँदछ । यस प्रकार, कोभिड-१९ ले स्वामित्वको तह र आय आर्जनमा प्रभाव छोडेको छ ।**

### शिफारिश २ : कृषि उद्योगमा संलग्न घरपरिवालाई सहयोग गनुपर्ने

**१. नवप्रवर्द्धनात्मक प्रविधि सम्बन्धी व्यवसायिक तालिम, मलखाद/कीटानाशक औषधी वितरण र कृषक/उत्पादकलाई बजारसम्मको पहुँच मार्फत कृषि उद्योगमा संलग्न घरपरिवारहरुलाई कोभिड १९ पूर्वको अवस्थामा पुऱ्याउन सहयोग ।**
**२. सहभागितामुलक/सामुहिक कृषि र दिगोपना अभ्यासको प्रवर्द्धन**

### प्राप्ती ३ : आय आर्जन र जीविकोपार्जनमा भएका अवरोध

**अध्ययनले देखाएको छ की आय आर्जन र जीविकोपार्जनका प्रमुख ३ वटा अवरोधहरु वित्तीय पहुँचको कमी, बजार सम्मको पहुँचमा कमी, र कारोबार हुँदा मूल्यमा हुने विभेद रहेका छन् । यी पक्षहरुले एउटा घरको जीविकोपार्जन धान्ने, पर्याप्त आम्दानी गर्ने र उसको परिवारहरुलाई सहयोग गर्ने क्षमतालाई प्रभाव पारेको छ ।**

### सिफारिस ३ : उद्यमहरुलाई आपतकालिन सहायता

**१. नेपाल सरकारले उपलब्ध गराएको विभिन्न किसिमका कोभिड १९ आम्दानी सहायता प्याकेजका बारेमा जानकारी उपलब्ध गराउने ।**

**२. कोभिड १९ महामारीको कारण आम्दानी वा विक्रीमा ठूलो गिरावट भोगेका अनौपचारिक उद्यमहरुलाई उनीहरुको जीविकोपार्जन र आयमा दिगोपना दिन आपतकालीन सहायता उपलब्ध गराउने ।**

## *अन्य द्वितीय दस्तावेजबाट उपलब्धि र सिफारिस*

**प्राप्ती ३ : पर्यटनमा परेको प्रभाव**

**नेपाल सरकारले २० लाख पर्यटक आकर्षण गर्ने उद्देश्यको साथ सन् २०२० लाई नेपाल भ्रमण वर्षको रुपमा मनाउने गरी कार्यक्रमहरु तय गरेको थियो । यो १५ औं पञ्च वर्षीय योजनामा आधारित थियो र यसमा नेपाल सरकारले सन २०२५ सम्ममा ३५ लाख पर्यटक भित्र्याएर २ अरब डलर आम्दानी गर्ने महत्वकाँक्षी लक्ष्य राखेको थियो ।" [३१] तर सबै सेवाहरु बन्द हुन गई यो उद्योग नराम्रोसँग प्रभावित हुन पुग्यो । महामारीले अनिश्चितता सिर्जना गऱ्यो, यात्रामा प्रतिवन्ध लाग्यो, पर्यटन बन्ध हुन पुग्यो र रोजगारीलाई ठूलो असर गऱ्यो र ५ प्रतिशत भन्दा बढी मानिसहरु जोखिममा परे ।**

सिफारिस १ : गरिबीको रेखामा पुग्नबाट बचाउन र रोजगारीका नयाँ स्रोतहरु सिर्जना गर्न आर्थिक उपायहरु लागू गर्ने ।

**१. वृद्धि र रोजगारी सिर्जनाका स्रोतहरु अवलम्बन गर्ने ।**
**२. नेपाल सरकारले कोभिड १९ पछिको मार्गचित्रको लागि योजना निर्माणको काम शुरु गरिहाल्नुपर्छ जहाँ सुधारले कम लागत, उच्च बचत र लगानी तर्फ डोऱ्याउँछ ।**
**३. ऋणको पहुँचलाई सहज बनाउने र गरिबीको रेखामा पुग्नबाट रोक्न सकिनेलाई रोक्ने, व्यवसायबाट वहिर्गमन र पुनःसंरचनाको सहजीकरण**
**४. फर्महरु (विशेष गरी साना तथा मझौला उद्यमहरु)  घरहरु र व्यक्तिहरुलाई आयकर, अप्रत्यक्ष कर, शुल्क, सेवा शुल्क आर्थिक वर्षको अन्तसम्म तिर्न पाउने व्यवस्था मिलाउनु पर्दछ [३०]**

प्राप्ती २ : अनौपचारिक क्षेत्र र कोभिड १९ को प्रभाव र महिलामा परेको यसको प्रभाव

**वर्तमान अवस्थाले नेपालमा करिव ९०.५ प्रतिशत महिलाहरु अनौपचारिक क्षेत्रमा काम गर्दै गरेको देखाउँछ । (UNICEF Nepal, 2020; CBS, 2019; ILO, 2018)। तथापी, अनौपचारिक क्षेत्रका कामदारहरुलाई उपलब्ध गराइएको सामाजिक तथा कानूनी पहुँच र संरक्षण कमी भएको क्षेत्रको रुपमा मानिन्छ । यस प्रकार अनौपचारिक क्षेत्रमा संलग्न महिलाहरु थप वेफाइदामा परेका छन् । धेरै जसो घटनाहरुमा महिलाहरु श्रम बजारमा परिमाणात्मक र गुणात्मक दुवै हिसाबले बञ्चित छन् ।[३२] तिनीहरुका संकटासन्नता अझ बढि बढ्दछ किनकी तिनीहरु लिङ्ग, जात, वर्ग, जातीयता, पद, परिचय र धर्मसँग सम्बन्धित बोझबाट प्रभावित भएका हुन्छन् र यसको कारण स्रोतहरुमा तिनीहरुको पहुँच वा नियन्त्रण सिमित हुन्छ वा हुँदै हुँदैन । [३२]**

शिफारिस २ : विपद विरुद्धको मानवीय प्रतिकार्यलाई अझ बढि लैंङ्गिक सम्बेदनशिल बनाउने

**१. सबै मानवीय कार्यहरुमा लैंङ्गिक संवेदशीलता मूल प्रवाहीकरण गर्न सबै संकटको अवस्थामा लिङ्ग, उमेर, विविधता र अपांगता सम्बन्धी तथ्यांक राख्ने र विश्लेषण गर्ने कार्यको सवलीकरणमा जोड दिने ।**

**२. दैनिक ज्यालादारीमा काम गर्ने कामदारहरु, संकटासन्नतामा रहेकाहरु र बन्चितिकरण समूहहरुलाई जोखिमपूर्ण कामलाई स्वीकार गर्नुपर्ने अवस्थाको अझ बढि गरिवीको कुचक्रमा पर्नबाट बचाउन लैङ्गिक संवेदनशील आर्थिक प्रोत्साहनका प्याकेजहरुको विस्तार गर्ने ।**
**३. कृषि उपज लगायत स्थानीय रुपमा उत्पादित सामानहरुको बजारीकरणको लागि स्थानीय संकलन केन्द्र संचालनमा ल्याउने ।**[३२]

प्राप्ती ३ : स्थानीय तहमा आर्थिक सशक्तीकरण

**स्वरोजगारहरु, घरेलु कामदारहरु र अस्थायी निकायमा रोजगारीमा रहेकाहरु कोभिड १९ को कारणबाट रोजगारी गुमाउनेहरु मध्येका उच्च जोखिममा रहेकाहरु हुन । एक महिना भन्दा बढिको बन्दाबन्दीले संकटासन्न समुहहरुलाई उनीहरूको कार्यलाई सिमित गर्दै र आर्थिक तथा शैक्षिक अवसरहरु खुम्च्याउँदै असमान हेरचाहको झन ठूलो बोझ बोक्नु परेको छ । यस प्रकार यस महमारीले उनीहरूको आर्थिक अवसरहरु र सशक्तीकरणको बाटोलाई नराम्रोसँग साँघुऱ्याइदिएको छ ।**[३२]

सिफारिस ३ : आर्थिक सशक्तीकरणको लागि महिलाको नेतृत्वमा रहेको सहकारीहरुसँग काम गर्ने

**१. कोभिड १९ प्रतिकार्य संयन्त्रमा महिला संजाल र बन्चितिकरण समूहहरुसँग छलफल गर्ने र सबै तहमा रहेका समन्वय संयन्त्रहरुमा तिनीहरुको बढ्दो अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने ।**
**२. कृषि र कृषिमा आधारित उद्योगहरुमा भएका स्थानीय नवप्रवर्द्धनात्मक विधिहरुलाई वर्तमान राष्ट्रिय कृषि विकास र जीविकोपार्जन कार्यक्रमहरुसँग जोडेर यसको विकासको लागि काम गर्ने विभिन्न सरोकारवालाहरुसँग सहकार्य गर्ने ।**
**३. कोभिड १९ प्रतिकार्यको डिजाइन गर्दा महिला समूहहरु, महिलावादी संघसंस्थाहरु, बन्चितिकरण समूहहरु र लैंगिकता पैरवी गर्नेहरु जस्ता गैर राज्य संस्थाहरुसँग परामर्श गर्ने ।**

## अनुसूची २ -लैंङ्गिक क्रियाकलाप विवरण

| काम | महिला | पुरुष |
|---|---|---|
| घर सफाई | प्रति दिन १ घंटा | ( |
| खाना पकाउने तथा भाँडा सफा गर्ने | प्रति दिन ३ घंटा | ( |
| पुजापाठ | प्रति दिन १ घंटा | ( |
| गाईवस्तु हेरचाह | प्रति दिन २ घंटा | ( |
| साना पसल (चुरा, किराना पसल, चिया तथा खाजा पसल) संचालन | प्रति दिन ६ घंटा | प्रति दिन २ घंटा |
| तरकारी वारी वा खेतमा काम गर्ने | प्रति दिन ४ घंटा | प्रति दिन २ घंटा |
| घरयासी उत्पादन वा तरकारी किनमेल | ( | प्रति दिन १ घंटा |
| व्यवसाय, कम्पनी वा रोजगारी संचालन | ( | प्रति दिन ८ घंटा |
| फुर्सदको समय (टिभि हेर्ने, रेडियो सुन्ने, व्यक्तिगत ससरफाई) | प्रति दिन १ घंटा | प्रति दिन ३ घंटा |
| आराम सुताई | प्रति दिन ६ घंटा | प्रति दिन ८ घंटा |

***(Adapted from: NURP GESI/LNOB Assessment Janakpurdham, 2020 p. 14).***

## अनुसुचि ३ - लिङ्ग अनुसार स्रोतहरुमाथिको पहुँच र नियन्त्रण

| स्रोतहरु | लिङ्ग अनुसारको पहुँच | लिङ्ग अनुसारको नियन्त्रण |
|---|---|---|
| जमिन | महिला तथा पुरुष | पुरुष |
| घरयासी बजारीकरण | पुरुष | पुरुष |
| खेतमा कामगर्ने | महिला तथा पुरुष | पुरुष |
| जमिन | महिला तथा पुरुष | पुरुष |
| गरगहना | महिला | महिला तथा पुरुष |
| पूँजी | पुरुष | पुरुष |
| पशुपंछी | महिला तथा पुरुष | पुरुष |
| बजार | महिला तथा पुरुष | पुरुष |
| उद्यमहरु | पुरुष | पुरुष |
| व्यवसायहरु | महिला तथा पुरुष | पुरुष |
| प्रविधि | पुरुष | पुरुष |
| बालशिक्षा | पुरुष | पुरुष |
| परिवार नियोजन | महिला तथा पुरुष | पुरुष |
| स्वास्थ्य हेरचाह | महिला तथा पुरुष | पुरुष |

*(Adapted from: NURP GESI/LNOB Assessment Janakpurdham, 2020 p. 17).*

## अनुसूची ४- समाज कल्याण विकास विभागको लागि क्षमता क्षेत्र र क्षमता आवश्यकता

| पक्षहरु | क्षमताका क्षेत्रहरु | क्षमता विकासका आवश्यकताहरु |
|---|---|---|
| **सहयोगी वातावरण** | | |
| **नीतिहरु, रणनीतिहरु र पहलहरु** | - महिला र पछाडि परेका समूहहरुको विकास कार्यक्रम (महिला सशक्तीकरण कार्यक्रम, सीप विकास तालिम आदि) पालिकाको वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरिएका छन् । | - लैससास आँकलन गरिनुपर्छ र लैससास रणनीति बनाइनु पर्दछ । |
| **लैससास कार्यक्रम/क्रियाकलापका लागि कोषको व्यवस्था** | – तालिका ८ मा देखाइए अनुसार लैससास अन्तरगतको कार्यक्रम/क्रियाकलापको लागि निम्नतम बजेट छुट्याइएको छ । | – लैससास वित्तीय बाँडफाँड विश्लेषण आवश्यक रहेको<br>– हरेक क्षेत्रमा लैससास मूलप्रवाहीकरणको लागि बजेट बाँडफाँड आवश्यक रहेको |
| **महिला, पुरुष, अपांगता भएका व्यक्तिहरु र सबै जात जाति र आस्थाका मानिसहरुको लागि लैससास जवाफदेही कार्यक्षेत्र र समान सम्मान र अवसर** | - हालसालै पालिकाहरुमा लैससास र कसैलाई पनि पछाडि नछोड्नुका अवधारणा लागु भएका छन् । | – पालिकामा लैङ्गिक सम्बेदनशील भाषा र महिला शौचालयको व्यवस्था जस्ता लैससासमैत्री वातावरण निर्माण<br>- अपांगतामैत्री पूर्वाधारहरु<br>- नगरपालिकाहरुका विभागहरु, वडाहरु, र अन्य सरोकारवालाहरुमा समन्वय र संचार रणनीति |
| **संगठन पक्षहरु** | | |
| **विभागहरुले बनाएका कार्यक्रम र क्रियाकलापहरुले महिला, पुरुष र सामाजिक रुपले बन्चितिकरण समूहरु लाभान्वित हुन्छन् भन्ने सुनिश्चित गर्नुपर्छ ।** | - सामाजिक विकास, शिक्षा, महिला विकास विभागहरुले लैसासास तथा कोहि पछाडि नछोड्नुको अवधारण सम्बन्धी कार्यक्रमहरुको लागि कामहरु गरिरहेका छन् ।<br>- शाखाहरुको जिम्मेवारी स्पष्टसँग परिभाषित गरिएको छैन् ।<br>- केहि सरकारी निर्देशिकाहरु अपांगता परिचय पत्र सम्बन्धी प्रावधानहरु लगु गरी प्रयोग गरिएका छन् । | - सामाजिक कल्याण विकास विभागमा भएका कर्मचारीहरुको भूमिका र जिम्मेवारीहरुको स्पष्ट व्याख्या गरिएको<br>- नगरपालिकामा महिला सशक्तीकरण र लैससास मूलाप्रवाहीकरण शाखाको व्यवस्था<br>- स्पष्ट भूमिका र जिम्मेवारीहरु सहितको फोकल पर्सनहरुको व्यवस्था वडा कार्यालयहरुमा भएको |

| | | |
|---|---|---|
| | - पालिकाहरुबाट कुनै पनि कार्यविधिहरु वा निर्देशिकाहरु निर्माण भएका छैनन् । <br>- यस क्षेत्रमा दुइ जना अधिकृत र एक जना सहायक कर्मचारीहरुले काम गरिरहेका छन् । | |
| **नगरपालिकामा लैससास फोकल पर्सनको व्यवस्था** | - फोकल पर्सन पहिचान नभएको | – नगरपालिकाका कार्यालय र वडा कार्यालयहरुमा फोकल पर्सनको व्यवस्था हुनु पर्ने । |
| **कर्मचारीको व्यक्तिगत क्षमता** | | |
| **लैससास तालिम तथा अभिमूखीकरण** | – महिला सशक्तीकरण/लैंङ्गिक तालिमहरु नपाको वार्षिक कार्यक्रम तथा बजेटमा समावेश भएको <br>– वडा अध्यक्षहरु सो तालिमको लागि छनौट भएको <br>– नगरपालिकाबाट कुनै पनि तालिम वा सिप विकास कार्यक्रम संचालन नभएको | – पहिचान गरिएका क्षेत्रमा कर्मचारीहरुको क्षमता विकासको लागि वजेटको व्यवस्था हुनुपर्ने |
| **लैससास विश्लेषण र रणनीतिक योजना सम्बन्धी ज्ञान** | - *NA* | – लैससास विश्लेषण सम्बन्धी औजार र विधि सम्बन्धी क्षमता विकास <br>– नगरपालिकाको सबै कार्यक्रम र क्षेत्रहरुमा लैससासको मूलप्रवाहीकरण |
| **लैससास वित्तीय बाँडफाँड** | - वडा अध्यक्षहरुको लागि लैंङ्गिक समानता सम्बन्धी तालिमका लागि केवल रु ५ लाख छुट्याइएको | – लैससास वित्तीय बाँडफाँड सम्बन्धमा बजेट र तालिमको व्यवस्था हुनु आवश्यक |
| **प्रगतिको अनुगमनको लागि लिङ्ग, उमेर र जातको आधारमा खण्डीकृत तथ्यांक** | - *NA* | – ज्ञान व्यवस्थापन सम्बन्धी क्षमता विकास |
| **लैससास सम्बन्धी पैरवी सामग्री विकास गर्न अरु संस्थाहरुसँगको सहकार्य** | - सामाजिक कल्याण विभागले अरु गैससहरुसँग मिलेर काम गर्ने गरेको छ तर यस सम्बन्धी कुनै औपचारिक विधि वा पैरवी भने नगरपालिकामा छैन | – सामन्य र लागत सहभागितामा काम गर्न क्षमता विकास |
| **सिर्जनशिल र लैससास रुपान्तरणमुलक पद्धतिका लागि पैरवी गर्ने क्षमता** | - *NA* | – महिला र बालबालिका विकास विभाग र अन्य क्षेत्रहरुमा हाल भएका कर्मचारीहरुको निरन्तरताको आवश्यकता |

*(Adapted from: NURP GESI/LNOB Assessment Janakpurdham, 2020, pp. 26-27)*

**This document has been prepared with the support of the Nepal Urban Resilience Programme (Sudridh-NURP), funded by UK Aid from the UK government; however, the views expressed do not necessarily reflect the UK government's official policies.**